सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ मंसिर २०८२, बुधबार (3 Dec 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २२३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मतदानमै आएनन् एमालेका ५३% संगठित सदस्य

२७ मंसिरदेखि हुने महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्न भएको निर्वाचनमा धनुषा २ मा १.३६% संगठित सदस्य मात्रै मतदानमा सहभागी भए, सबैभन्दा धेरै झापा ३ र सुनसरी ३ मा ७८% मत खस्यो, औसत ४७ प्रतिशत कार्यकर्ता मात्रै निर्वाचनमा सहभागी भए

१.३६% मात्रै मत खसेको धनुषा २ को निर्वाचनबारे एमाले धनुषाका सचिव दीपेन ठाकुर भन्छन्-



मतदाता रहेका संगठित सदस्य नै कम उपस्थित भएपछि कसरी धेरै मत खस्यो ? मत कम नै खस्यो । जति उपस्थित भए उनीहरूलाई मतदानमा सहभागी गरायौं र उनीहरूकै मतका आधारमा महाधिवेशन प्रतिनिधि चयन गर्‍यौं ।

यम बम, कमलराज भट्ट

२७ देखि २९ मंसिरमा काठमाडौंमा हुने एमालेको ११औं महाधिवेशनका लागि भएको प्रतिनिधि छनोटको मतदानमा आधाभन्दा बढी संगठित सदस्य सहभागी नै भएनन् । पार्टीलाई नियमित लेबी बुझाउने संगठित सदस्यहरू नै पार्टीको आन्तरिक निर्वाचनमै भोट दिन उपस्थित भएनन् ।

१६५ निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छनोट कार्य आइतबार भएको थियो । त्यसमध्ये ५८ क्षेत्रमा मात्रै मतदान प्रक्रियामार्फत प्रतिनिधि चुनिएकामा मतदाताको उपस्थिति भने निराशाजनक देखिएको हो । धनुषा २ मा त १.३६ प्रतिशत मात्रै मतदानमा सहभागी भए । जबकि यो क्षेत्रमा १३ हजार १७८ मतदाता (संगठित सदस्य) थिए, तर १८० जना मात्रै मतदानमा सहभागी भए । त्यस्तै, झापा ३ मा सबैभन्दा धेरै ७८.३३ प्रतिशत मत खसेको छ । उक्त क्षेत्रमा दुई हजार ४१८ मतदाता रहेकामा एक हजार ८९४ ले मतदान गरेका हुन् । देशभर मतदान भएका ५८ क्षेत्रका कुल संगठित सदस्यमध्ये औसत ४६.९९ प्रतिशत मात्रै भोट दिन उपस्थित भए ।

» पृष्ठ २ मा क्रमशः

सुदूरपश्चिम ├ १६ निर्वाचन क्षेत्र, ११ मा सर्वसम्मत

	कुल मतदाता	खसेको मत	खसेको प्रतिशत
कञ्चनपुर १	२०८७	१०६०	५०.७९%
कञ्चनपुर ३	१३८२	८१६	५०.०४%
कैलाली १	१०३५	५०४	४८.६९%
कैलाली ४	३१३९	८८२	२८.१०%
कैलाली ५	३८४३	११५८	३०.१३%

लुम्बिनी ├ २६ निर्वाचन क्षेत्र, १९ मा सर्वसम्मत

अर्घाखाँची	७८३३	३६४९	४६.५८%
पाल्पा १	३२०४	४३७	१३.६४%
पाल्पा २	२८७७	८०९	२८.१२%
रुपन्देही १	२६५२	१२१३	४५.७४%
रुपन्देही २	६०००	१९०५	३१.७५%
नवलपरासी प. १	१७६२	९७२	५५.१६%
नवलपरासी प. २	१६७६	१०३२	६१.५७%

गण्डकी ├ १८ निर्वाचन क्षेत्र, १२ मा सर्वसम्मत

नवलपरासी पू. १	३७५०	१८४५	४९.२%
नवलपरासी पू. २	३३४२	१३०८	३९.१४%
तनहुँ १	२४०७	११६२	४८.२७%
लमजुङ	५४७३	१९२६	३५.१९%
गोरखा १	१४३०	४९७	३४.७५%
गोरखा २	७४०	३४२	४६.२२%

बागमती ├ ३३ निर्वाचन क्षेत्र, १९ मा सर्वसम्मत

	कुल मतदाता	खसेको मत	खसेको प्रतिशत
मकवानपुर १	४१०७	१०८०	२६.३%
सिन्धुपाल्चोक १	५६६८	२०६३	३६.४%
सिन्धुपाल्चोक २	३७११	१७४४	४७%
ललितपुर १	२३०६	१३८७	६०.१५%
ललितपुर २	१५९२	७०७	४४.४१%
ललितपुर ३	१३४८	७२४	५३.७१%
काठमाडौं १	८२२	५०८	६१.८०%
काठमाडौं २	१६०३	७५४	४७.०३%
काठमाडौं ३	१६०८	७६९	४७.८२%
काठमाडौं ४	१७६१	७२८	४१.३४%
काठमाडौं ५	१४९१	७०५	४७.२८%
काठमाडौं ७	१६३९	५८८	३५.८७%
काठमाडौं ८	६०७	३४१	५६.१८%
काठमाडौं ९	१६८३	६७३	३९.९९%

मधेश ├ ३२ निर्वाचन क्षेत्र, २६ मा सर्वसम्मत

सिराहा १	३५४६	१५४७	४३.६३%
धनुषा २	१३१७८	१८०	१.३६%
रौतहट ४	१३९३	६७८	४८.६७%
महोत्तरी ४	१४६३७	३५२५	२४.०८%
महोत्तरी १	७००४	९२२	१३.१६%
बारा २	१३८३	७००	५०.६१%

कर्णाली ├ १२ निर्वाचन क्षेत्र, ११ मा सर्वसम्मत

	कुल मतदाता	खसेको मत	खसेको प्रतिशत
रुकुम पश्चिम	२०५४	३५४	१७.२३%

कोशी ├ २८ निर्वाचन क्षेत्र, ९ मा सर्वसम्मत

मोरङ १	४३४५	२४११	५५.४९%
मोरङ २	३६६९	२११०	५७.५१%
मोरङ ३	५४५१	२७७४	५०.८९%
मोरङ ४	२९६४	१६५३	५५.७७%
मोरङ ६	४०६४	२२२७	५४.८%
झापा १	२६३५	१४५५	५५.२२%
झापा २	४६९३	२६९४	५७.४०%
झापा ३	२४१८	१८९४	७८.३३%
झापा ४	३३५५	२५८७	७७.११%
झापा ५	४२५६	२४७९	५८.२५%
सुनसरी १	१७७१	९६६	५४.५५%
सुनसरी २	४४०४	२७१३	६१.६०%
सुनसरी ३	१९७४	१५४१	७८.०६%
सुनसरी ४	२१२३	१३५३	६३.७३%
संखुवासभा	३००२	१९१२	६३.६९%
धनकुटा	८२३६	४६८८	५६.९२%
उदयपुर १	३२४७	२१९४	६७.५७%
उदयपुर २	२४१३	१६४०	६७.९६%
ओखलढुंगा	७१३५	१५१८	२१.२७%

■ **कहाँ-कहाँबाट छानिएका छन् प्रतिनिधि ? :** एमालेमा सम्पर्क विशेषसहित आठ प्रदेश, ३२ विभाग, २४ जनसंगठन, १६५ निर्वाचन क्षेत्र, सल्लाहकार कमिटीसहित चार केन्द्रीय निकाय, चार विशेष जिल्ला कमिटी, सात प्रदेशका मजदुर क्षेत्र, भारत प्रवास, युरोप, एसिया, मध्यक्षेत्र जिल्ला कमिटी र केन्द्रीय कार्यालयबाट प्रतिनिधि छनोट हुने प्रावधान छ । यसैअनुसार पदेन र मनोनीतबाहेक ६ लाख ७० हजार संगठित सदस्यबाट कम्तीमा साढे १६ सय महाधिवेशन प्रतिनिधि भूगोलको निर्वाचन क्षेत्रसहित विभिन्न स्थानबाट चुनिएका छन् । पदेन र मनोनीतसहित एमालेमा २२ सयहाराहारी महाधिवेशन प्रतिनिधि हुनेछन् । २७ मंसिरमा भक्तपुरको सल्लाघारीमा उद्घाटन र काठमाडौंको भृकुटीमण्डपमा बन्दसत्र चल्ने कार्यक्रम छ ।



समाजशास्त्री डा. दीपेश घिमिरे भन्छन्-

एक किसिमले यो कार्यकर्ताको मौन विद्रोह हो

दलहरूको रूपान्तरण र पुस्तान्तरणका लागि बदलिँदो परिस्थितिमा जुन अपेक्षा थियो, त्यो अहिलेको कार्यशैली र आउने दिनमा नहुने निश्चित हुँदा वितृष्णा देखिएको छ । अब कार्यकर्तालै पनि स्वतन्त्र भएर हेर्न थालिसकेका छन् । हिजोको दिनमा पार्टी सदस्य विचारबाट निर्देशित थियो । तर, उसको अपेक्षालाई त्यो विचार र नेतृत्वले सम्बोधन गर्दैन भन्ने लागेर स्वतन्त्र विचारको आँखाबाट आफूलाई प्रस्तुत गर्न थालेको छ ।

पुरानै नेतृत्वलाई वैधता दिने एमाले महाधिवेशनको प्रयोजन निश्चित भएकाले पनि कार्यकर्ताको ठुलो हिस्साले मतदानमार्फत असहमति जनाएको देखिन्छ । नेतृत्व न नीति कुनै बदलिने देखिँदैन । पार्टीको महाधिवेशन हुने वेला भन् उत्साह हुनुपर्ने हो । नेतृत्व चुन्नु, चाहेको नेतृत्व बनाउनु ठुलो कुरा हो । तर, नेतृत्व र नीति केही नबदलिने भएपछि त्यसको साक्षी किन बन्ने भन्ने मनोविज्ञानले पनि काम गरेको हुन सक्छ । कार्यकर्ता यथास्थितिको साक्षी बस्न त्यति इच्छुक नभएको जस्तो देखिन्छ । हरेक तहमा आफूले बेवास्ता गरेर अनदेखा गर्ने, सहभागी नहुने र बाहिरिने शैली पनि कार्यकर्तामा देखिएको छ । तिमीले लिएको नीतिप्रति सहमति छैन, सदस्यता त लिएको छु, तर तिमीलाई चुन्न आउँदिनँ भनेर 'झ्नोर' गरेको देखिन्छ । एक किसिमले यो मौन विद्रोहजस्तो हो । कार्यकर्तामा घटेको उत्साहलाई समयमा समीक्षा गरेर अगाडि बढेनन् भने दलहरूले भन् ठुलो मूल्य चुकाउनुपर्ने हुन सक्छ ।



राजनीतिक विश्लेषक झलक सुवेदी भन्छन्-

पार्टी नेतृत्व र सदस्यबिचमा दूरी बढेको देखियो

नेपाली राजनीतिमा पार्टीको विचार, नीति र नेताप्रति विश्वास कमजोर भइरहेको छ । भुइँमा के भएको हो ? पार्टीको नेतृत्वले सकेसम्म सहमति हुन्छ, भोट हाल्न आउनुपर्दैन भन्ने सूचना प्रवाह गरेको हो कि ? नेतृत्व, स्थानीय कार्यकर्ता र सदस्यबिच संवाद टुटेको छ कि ? पछिल्लो परिवर्तनपछि पार्टीसँग निरपेक्ष भएको हो कि ? जे भए पनि पार्टी नेतृत्व र सदस्यबिचमा दूरी बढेको देखिन्छ । पार्टीका विचार, नीति र नेताप्रति विश्वास कमजोर भएको होला । आमकार्यकर्ता र सदस्यलाई मतको निर्णय गर्ने अधिकार नदिएर दुई-चार नेताले खेलाउने, दबाब सिर्जना गरेर आफ्नो अधिकार 'एक्सरसाइज' गर्न नदिने प्रवृत्तिले वितृष्णा पनि बढाएको होला ।

हत्या मुद्दाका फरार अभियुक्त साढे तीन वर्षदेखि गाउँपालिका अध्यक्षको कुर्सीमा

■ मन्दिरको खेतको धान दिन नमानेपछि भएको थियो पुजारीको हत्या



सप्तरीको राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलको दाबी-

मसहित चारजना ०५५ मै २२ दिन थुनामा बसेर हाजिरी जमानीमा छुटेका हौं । तर, आरोपितमध्येका केही व्यक्ति हाजिर नभएकाले मुद्दा टुंगिन बाँकी रहेको हो । म फरार छैन, पक्राउ पुर्जी जारी भएको भन्ने थाहा छैन । हाजिर हुनुपरे, हाजिर भइहाल्छु ।

जिल्लामा पाँच एसपी फेरिए, तर मण्डललाई कसैले पक्राउ गरेनन्

राजविराजमा **सौरभ यादव**

राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल हत्या मुद्दामा फरार अभियुक्त रहेको पाइएको छ । ०५५ मा सप्तरीको रामजानकी मन्दिरका पुजारी जन्त्रीदास बैरागीको हत्या मुद्दामा फरार सातजनामध्येका उनी पनि एक हुन् । एमालेबाट निर्वाचित मण्डल साढे तीन वर्षदेखि गाउँपालिका अध्यक्ष छन् ।

मण्डल, उनका बुबा गंगाराम (बेल्हीचपेना गाविसका तत्कालीन अध्यक्ष) तथा अन्य

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मुख्यमन्त्री यादवले आज विश्वासको मत लिने



जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार प्रदेश सभाबाट विश्वासको मत लिने भएका छन् । मंगलबार पत्रकार सम्मेलन गरी उनले बुधबार २ बजे विश्वासको मत लिने वातावरण बनाइदिन आफूले प्रदेश सभालाई पत्र पठाएको जानकारी दिए । प्रदेश सभा सचिवालयले बिहान ८ बजेका लागि बैठक आह्वान

» पृष्ठ २ मा क्रमशः

सर्वोच्चको फैसलाप्रति असन्तुष्ट एमाले अध्यक्ष केपी ओली भन्छन्-



संविधानले ३० दिनभित्र विश्वासको मत लिन्छ भन्छ । चार दिनपछि ३० दिन पुग्दै छ । तर, सम्मानित सर्वोच्च अदालतले २४ घण्टाभित्र लेऊ भन्छ । म सुन्दा आश्चर्यचकित भएँ । तीन दिन वर तान्नका लागि संविधानविपरीत २४ घण्टाको परमादेश कुन धाराको आधारमा ? आवश्यकताको सिद्धान्त भनेको त्यही हो कि ?

म अदालतलाई पूरा सम्मान गर्छु र अदालतको निर्णय हामी कार्यान्वयन पनि गर्छौं । तर, अदालतबाट आफ्नै र संविधानको मर्यादा कायम हुनु वाञ्छनीय हुन्छ । परिस्थिति, मान्छे र अनुहार हेरेर होइन कि संविधान, कानुन र न्याय हेरेर फैसला हुनुपर्छ । संविधानविपरीतको फैसला सधैं एमालेको भागमा पर्छ । मैले अदालतको मान-मर्यादामा प्रभाव पार्न खोजेको होइन, प्रसंगवश ल्याएको मात्र हो ।



रोहिंग्या शरणार्थी नेपाल आउन थालेपछि सीमामा कडाइ

काठमाडौं / केही दिनयता रोहिंग्या शरणार्थी नेपाल प्रवेश गर्न थालेपछि भारतसँग जोडिएका सबै नाकामा सुरक्षा जाँचमा कडाइ गरिएको छ। गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीलाई अवैध रूपमा भइरहेको प्रवेशलाई पूर्ण रूपमा रोक्न निर्देशन दिएको छ।

भारतमा अवैध बस्दै आएका केही रोहिंग्या नेपाल प्रवेश गरिसकेका छन्। हाल भारतमा मतदाता शुद्धीकरणका लागि स्पेसल इन्टेन्सिभ रिभिसन (एसआइआर) कार्यक्रम चलिरहेको छ। त्यो कार्यक्रमले प्रभावित हुने भएपछि रोहिंग्यालगायत भारतमा अवैध रूपमा बस्दै आएकाहरू नेपाल आउन थालेको सूचना सुरक्षा निकायको छ।

सिराहा जिल्ला प्रशासन कार्यालयले मंगलबार एक सूचना प्रकाशन गरी शंकास्पद व्यक्तिहरू सीमाबाट प्रवेश गर्न सक्ने तथा समुदायमा बसोबास नदिन आग्रह गरेको छ।

अहिले पनि नेपालमा करिब ६ सय रोहिंग्या अवैध रूपमा प्रवेश गरी बस्दै आएका छन्। भारतसँगको खुला सीमाका कारण थप शरणार्थी नेपाल आउने जोखिम बढेपछि सुरक्षा निकायले सक्रियता बढाएका छन्। सशस्त्र प्रहरी बलले पनि सबै बिओपीलाई भारतबाट आउने हरेक नागरिकमाथि चेकजाँच गर्न निर्देशन दिएको छ। कतिपय शंकास्पदलाई फर्काइएको समेत स्रोत बताउँछ। भारतको सीमा सशस्त्र बल (एसएसबी)सँग पनि नेपालका सुरक्षा निकायले समन्वय गरेर सीमामा विशेष चेकजाँच थालेका छन्।

निर्वाचनमा उम्मेदवार सिफारिसमा कांग्रेसले बनायो १० मापदण्ड

नयाँ पत्रिका

पुस अन्तिम साता महाधिवेशन गर्ने निर्णय गरेको कांग्रेसले राष्ट्रिय सभा तथा प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न १० बुँदे मापदण्ड तय गरेको छ। समानुपातिक उम्मेदवारसमेतको हकमा ती मापदण्ड लागू हुने कांग्रेसले जनाएको छ।

केन्द्रीय समिति बैठक सकिएको भोलिपल्ट कांग्रेसले आन्तरिक पंक्तिमा पठाएको सर्कुलरमा अधिल्लोपटक प्रदेश र प्रतिनिधिसभाका समानुपातिक सांसदलाई आसन्न निर्वाचनमा समानुपातिकतर्फको उम्मेदवार हुन रोकेको छ। यस्तै, '२०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूलाई उम्मेदवार सिफारिस गर्न पाइनेछैन' कांग्रेस सर्कुलरमा छ।



कांग्रेसले मापदण्डसम्बन्धी सर्कुलर मंगलबार प्रदेश सभा क्षेत्रीय समिति, प्रतिनिधिसभा क्षेत्रीय समिति, जिल्ला समिति र प्रदेश समितिका सभापतिका नाममा पठाएको सर्कुलरमा भनिएको छ, '२०७९ सालको निर्वाचनमा प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्य पदमा समानुपातिकतर्फबाट निर्वाचित भएको व्यक्तिको नाम पार्टी विधानको धारा ३३ (२) बमोजिम आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य समानुपातिकतर्फको उम्मेदवार हुन पाउनेछैनन्।'

यस्तै, कांग्रेसले कुनै पनि प्रकारको सामाजिक विसंगतिमा दोषी ठहर भएकालाई उम्मेदवार नबनाउने मापदण्ड बनाएको छ। चुनावी उम्मेदवार सिफारिसका क्रममा बनाइएको मापदण्डको दोस्रो बुँदामा छ, 'जातीय विभेद, घरेलु हिंसा, बालश्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्ति नेपाली कांग्रेसको उम्मेदवार बन्न अयोग्य हुनेछन्।'

यस्तै, कांग्रेसले प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिकको बन्दसूचीमा समावेश व्यक्तिहरूको नाम प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि उम्मेदवारमा सिफारिस गर्न नपाइने मापदण्ड बनाएको छ। यसबाहेक प्रतिनिधिसभा प्रत्यक्ष, समानुपातिक र राष्ट्रिय सभा सदस्य पदमध्ये कुनै एक व्यक्ति एक पदका लागि मात्र सिफारिस गर्नुपर्ने मापदण्ड पनि कांग्रेसको छ। तोकिएबमोजिमको लेबी तोकिएबमोजिम पार्टी निकायमा नबुझाउने व्यक्ति कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने कांग्रेसको मापदण्ड छ।

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्याङ्जा

बोलपत्र पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/१७)

यस कार्यलयबाट संचालित तपशिल खानेपानी आयोजनाको आ.व. ०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार निर्माण तथा खरिद कार्य बोलपत्र (e–Bidding) को माध्यमबाट गर्नुपर्ने भएकाले ईजाजतप्राप्त ईच्छुक बोलपात्रदाता, निर्माण व्यवसायी, फर्म/कम्पनीहरुबाट www.bolpatra.gov.np/egp/ मार्फत रितपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

सि.नं.	ठेक्का नं	विवरण	ल.ई. रकम भ्याट र पि.एस. बाहेक रू.	बोलपत्र जमानत रू.
1.	05/2082/83/Works/WSSDOSyangja	बिर्घा सिमलबगर खा.पा.आ., कालिगण्डकी ४, स्याङ्जाको निर्माण तथा खरिद कार्य।	५८१४८०९.४८	१७०००.००

बोलपत्रको दस्तुर रू. ३०००.०० लाग्नेछ। सम्पर्क नं. ०६३४२३११० (ई-मेलः wss.syangja@gmail.com)

–डिभिजन प्रमुख

Pokhara Metropolitan City
Office of Municipal Executive
Newroad, Pokhara
Gandaki Province, Nepal

NOTICE OF INTENT

Date of Publication 2082/08/17 (3rd Dec 2025)

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different dates on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

SN	Name of Project	IFB No	Name of Successful Bidders	Bid Amount (Excluding VAT& PS), NRs	IFB Notice Publication dates
1	Construction of Lauruk Khola Motorable Bridge, PMC-24 (Contract ID: 3/PMC/NCB/W/Br/Purbhadhar/082-83)	1.3/PMC/082-83	M/S Bhadaure Nirman Sewa Pvt Ltd, Pokhara	2,20,04,853.73	1stAugust 2025
2	Construction of Gharmi Khola Motorable Bridge, PMC - 16 (Contract ID: 1/PMC/NCB/W/Br/Purbadhar/082-83)	1.1/PMC/082-83	M/S Bhadaure Nirman Sewa Pvt Ltd, Pokhara	1,61,75,851.98	1stAugust 2025

Chief Administrative Officer

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/०८/१७)

यस कार्यालयको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम/दोस्रो पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/01/082/83	Hanumandanda ward office Ram mandir Agricultural Road Upgrading Works	N.S.N Construction Pvt. Ltd, Dhading	1,93,51,682.38
2.	NEE/NCB/02/082/83	Ghimirejanghar Deurali Aapshwora Lorkepahara Madhuwan Road Upgrading Works	S.S Construction, Dhading	1,71,41,367.76
3.	NEE/NCB/03/082/83	Golabhanjyang Chambhanjyang Road Upgrading Works	Indra/Kanyadevi/Ganeshkunda JV, Dhading	1,69,90,207.97
4.	NEE/S.Q/03/082/83	Procurement and supply of Free essential drugs and Medicines	Mediad Concern Pvt.Ltd, Kathmandu	14,37,268.89

प्रमुख प्रशासकीय अधिकृत

मतदानमै...

पृष्ठ १ बाट क्रमशः

१.३६ प्रतिशत मात्रै मत खसेको धनुषा २ का एमाले क्षेत्रीय अध्यक्ष जामुन यादव सुरुदेखि सर्वसम्मतिको प्रयास भएको, तर अन्तिममा मतदान प्रक्रिया भएकाले कम मत खसेको बताउँछन्। 'हाम्रो क्षेत्रमा संगठित सदस्य १३ हजार १७८ हो। तर, सर्वसम्मतबाट प्रतिनिधि छान्ने तयारी भएकाले तीन हजारजति मात्रै उपस्थित थिए। अन्तिममा संगठित सदस्य उमाशंकर साहले माग गरेपछि मतदान प्रक्रिया सुरु भएको थियो। तर, बिचैमा उहाँ मतदान छाडेर हिँडेपछि फेरि भोटिङ प्रक्रिया रोकियो। त्यतिवेलासम्म १८० मत खसेको थियो। साहजी हिँडेपछि फेरि सहमतिमै प्रतिनिधि चयन गर्ने निर्णय गर्‍यौं। तर, निर्वाचन अधिकृतले खसेको मत काउन्ट गर्ने भनेपछि त्यही १८० मत गनिएको हो,' उनले भने।

औरही गाउँपालिका अध्यक्षसमेत रहेका साह भने प्रतिनिधि छनोटमा धाँधली भएको आरोप लगाउँछन्। 'संगठित सदस्यलाई खबरै नगरी सो क्षेत्रका नेता उमाशंकर अरगरिया र प्रदेशमन्त्री लखन दासले मिलेमतोमा प्रतिनिधि छनोट गरेका हुन्,' उनले भने, 'मैले नाम मात्रैको मतदानको विरोध गर्दा सुनुवाइ नभएपछि बहिष्कार गरेर घर आएको हुँ।'

३२ निर्वाचन क्षेत्र रहेको मधेशमा जम्मा ६ निर्वाचन क्षेत्र (सिराहा १, धनुषा २, रौतहट ४, बारा २ तथा महोत्तरी १ र ४) मा मात्रै मतदान भयो। जसमध्ये बारा २ मा मात्रै ५०.६१ प्रतिशत मत खसेकोमा अन्य पाँच क्षेत्रमा ५० प्रतिशतभन्दा कम खसेको छ। मधेशमा औसत ३०.२५ प्रतिशत मात्रै मतदान भएको छ। एमाले धनुषाका सचिव दीपेन ठाकुरले मतदाता कम उपस्थित भएकाले भोट कम खसेको जवाफ दिए।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. दीपेश घिमिरे पुगनै नेतृत्वलाई वैधता दिने एमाले महाधिवेशनको प्रयोजन निश्चित भएकाले कार्यकर्ताको ठुलो हिस्साले मतदानमार्फत असहमति जनाएको बताउँछन्। 'तिमीले लिएको नीतिप्रति सहमति छैन। सदस्यता त लिएको छु, तर तिमीलाई चुन्न आउँदिनँ भनेर कार्यकर्ताले 'इग्नोर' गरेको देखिन्छ। एक किसिमले यो मौन विद्रोहजस्तो हो,' उनले भने, 'कार्यकर्तामा घटेको उत्साहलाई समयमा समीक्षा गरेर अगाडि बढेनन् भने दलहरूले झन् ठुलो मूल्य चुकाउनुपर्ने हुन सक्छ।'

मधेशमा मात्रै होइन, अन्य प्रदेशमा पनि अवस्था उस्तै छ। कर्णालीमा १२ निर्वाचन क्षेत्र रहेकामा मतदान प्रक्रिया रुकुम पश्चिममा मात्रै भयो। त्यसमा पनि १७.२३ प्रतिशत मात्रै मत खस्यो। १८ निर्वाचन क्षेत्र रहेको गण्डकीमा पनि ६ ठाउँमा मात्रै निर्वाचन भयो, तर कुनैमा पनि ५० प्रतिशत मत कटेन। गण्डकीमा औसत ४२.१३ प्रतिशत मतदान भएको छ। त्यस्तै, १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा पनि तराईका पाँच निर्वाचन क्षेत्रमा मात्रै मतदान प्रक्रियाबाट महाधिवेशन प्रतिनिधि चुनियो। तर, कुल मतदाताको ४१.५५ प्रतिशत मात्रै मतदानमा सहभागी भए। सबैभन्दा कम कैलाली ४ मा २८.१० प्रतिशत र सबैभन्दा बढी कञ्चनपुर १ मा ५०.७९ प्रतिशत मत खसेको छ।

काठमाडौं उपत्यकासमेत समेटिने बागमती प्रदेशमै मतदाताको उत्साहजनक सहभागिता देखिएन। ३३ निर्वाचन क्षेत्र रहेको बागमतीमा १४ क्षेत्रमा मतदानबाट महाधिवेशन प्रतिनिधि चुनिएका छन्। जसमा औसत ४६.०९ प्रतिशत मात्रै मत खसेको छ। सबैभन्दा कम मकवानपुर १ मा २६.३ प्रतिशत र सबैभन्दा धेरै काठमाडौं १ मा ६१.८० प्रतिशत मत खसेको छ।

लुम्बिनीमा पनि मतदान उत्साहजनक छैन। २६ निर्वाचन क्षेत्रमध्ये सात क्षेत्रमा मात्रै मतदान प्रक्रियाबाट प्रनिनिधि छनोट भएकामा उक्त प्रक्रियामा औसत ४०.३६ प्रतिशत मात्र सहभागी भए। सबैभन्दा कम पाल्पा १ मा कुल मतदाताको १३.६४ प्रतिशत मात्रै मत खस्यो भने सबैभन्दा बढी नवलपरासी पश्चिम २ मा ६१.५७ प्रतिशतले मतदान गरे। रुपन्देही २ मा ३१.७५ प्रतिशत मत खस्यो।

एमाले रुपन्देही अध्यक्ष यज्ञ गैरेले सर्वसम्मतको प्रयास गर्दा मत कम खसेको तर्क गरे। 'सर्वसहमतिको प्रयासको असरका कारण महाधिवेशन प्रतिनिधि छनोटमा मत कम खसेको हो। यहाँका मतदाता धेरै बाहिर हुनुहुन्छ, यहाँ सर्वसम्मतको प्रयास जारी थियो, सर्वसम्मत होला भनेर धेरै आउनुभएन, तर पछि निर्वाचनमा जाने भएपछि सूचना प्रवाह गर्दा ढिला भइसकेकाले बाहिर रहेका मतदाता आउन सक्नुभएन,' उनले भने।

२८ निर्वाचन क्षेत्र रहेको कोशीमा १९ क्षेत्रमा निर्वाचनबाट प्रतिनिधि छानिए। कोशीमा औसत ५९.९० प्रतिशत मत खसेको छ, जुन औसतमा अन्य प्रदेशको तुलनामा भने धेरै हो। कोशीमा सबैभन्दा कम ओखलढुंगामा २१.२७ प्रतिशत मत खसेकोमा सबैभन्दा बढी झापा ३ मा ७८.३३ प्रतिशत मत खस्यो।

एमाले झापाका अध्यक्ष प्रेम गिरीले संकटका वेला कार्यकर्तालाई पार्टी खोज्ने बनाएर कर्तव्यमुखी बनाउन खोज्दा केही कम मत खसेको बताए। तर, मत हाल्न नआउनेहरू चुकेका कारण पश्चत्ताप गरिरहेको उनले बताए। 'पहिले एक हप्तासम्म उम्मेदवार भोट माग्न आउने, कुरा सुन्ने थियो। यसपटक कार्यकर्ताले कर्तव्य कति पूरा गर्दोरहेछ भन्ने उद्देश्यले उदी पनि गरेनौं, तर सूचना गर्‍यौं। विगतमा ६३ प्रतिशतभन्दा माथि मत खस्थ्यो। यसपटक ५५ देखि ६० प्रतिशत खसेको छ, कमचाहिँ हैन,' उनले भने, '१५-२० प्रतिशत मतदाता भूगोलबाहिर पनि हुन्छन्।'

काठमाडौं विश्वविद्यालयका डिन डा. उद्धव प्याकुरेल महाधिवेशन प्रनिनिधि छनोट प्रक्रियामै संगठित कार्यकर्तामा उत्साह नहुनुले पार्टी नेतृत्वको वैधता गुमेको बताउँछन्। 'जसरी ओली बालुवाटारबाट निस्केर बाहिर बस्दा सडकमा कार्यकर्ता आएनन्, गुन्डुमा केही स्वार्थ समूहले मात्रै बोक्यो। यो भनेको नेतृत्वले वैधता गुमाइसकेको हो। त्यही नेतृत्व नै फेरि बहाली हुन्छ भन्ने भएपछि कार्यकर्तामा उत्साह भएन। प्रतिनिधि छनोटको निर्वाचनमा जति सहभागिता देखियो, त्यो पनि धेरै हो,' उनले भने।

त्यस्तै, राजनीतिक विश्लेषक झलक सुवेदी पार्टी नेतृत्व र सदस्यबिच दूरी बढेको देखिएको बताउँछन्। 'नेपाली राजनीतिमा पार्टीको विचार, नीति र नेताप्रति विश्वास कमजोर भइरहेको छ। भुइँमा के भएको हो, पार्टीको नेतृत्वले सकेसम्म सहमति हुन्छ, भोट हाल्न आउनुपर्दैन भन्ने सूचना प्रवाह गरेको हो कि, नेतृत्व, स्थानीय कार्यकर्ता र सदस्यबिच संवाद टुटेको छ कि, पछिल्लो परिवर्तनपछि पार्टीसँग निरपेक्ष भएको हो कि ? जे भए पनि पार्टी नेतृत्व र सदस्यबिचमा दूरी बढेको देखिन्छ,' उनले भने, 'पार्टीका विचार, नीति र नेताप्रति विश्वास कमजोर भएको होला। आमकार्यकर्ता र सदस्यलाई मतको निर्णय गर्ने अधिकार नदिएर दुई-चार नेताले खेलाउने, दबाब सिर्जना गरेर आफ्नो अधिकार 'एक्सरसाइज' गर्न नदिने प्रवृत्तिले वितृष्णा पनि बढाएको होला।'

एमाले संगठन विभाग प्रमुख काशीनाथ अधिकारी केही ठाउँमा मात्र मतदान कम भएको बताउँछन्। 'सबैतिर कम मतदान भएको भन्ने पनि होइन। धेरै ठाउँमा सर्वसम्मतिले प्रतिनिधि छानिए। जहाँ चुनाव भयो तीमध्ये कतिपय ठाउँमा टाढा-टाढाबाट सदस्य आउनुपर्ने भएको हुनाले मतदानमा कम सहभागिता हुन सक्छ,' उनले भने।

कुन प्रदेशमा कहाँ-कहाँ निर्वाचन भयो, कहाँ सर्वसम्मत ?

१६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा कञ्चनपुरका दुई र कैलालीका तीन निर्वाचन क्षेत्रमा मात्र चुनाव भएको छ। कञ्चनपुर २, कैलाली २ र ३, अछामका दुईवटै, दार्चुला, डडेल्धुरा, बैतडी, बाजुरा, बझाङ र डोटीमा सर्वसम्मत प्रतिनिधि चयन भएका छन्।

कर्णालीका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमध्ये रुकुम पश्चिममा मात्र निर्वाचन भएको छ। दुई-दुई निर्वाचन क्षेत्र रहेका सुर्खेत र दैलेख तथा एउटा निर्वाचन क्षेत्र रहेका कालीकोट, हुम्ला, डोल्पा, जाजरकोट, रोल्पा, मुगु र जाजरकोटमा सर्वसम्मत प्रतिनिधि चुनिए।

२६ निर्वाचन क्षेत्र रहेको लुम्बिनीमा सात क्षेत्रमा मात्र चुनाव भएको छ। पूर्वी रुकुम, रोल्पा, प्युठान, बर्दिया, कपिलवस्तु, दाङ, बाँके र गुल्मीका सबै तथा रुपन्देही ३ र ४ मा निर्विरोध रूपमा प्रतिनिधि चुनिए।

१८ निर्वाचन क्षेत्र रहेको गण्डकीमा कास्की, बाग्लुङ, स्याङ्जा, पर्वत, म्याग्दी, मनाङ र मुस्ताङका सबै तथा तनहुँ २ मा सर्वसम्मत प्रतिनिधि चयन गरिए।

२८ निर्वाचन क्षेत्र रहेको कोशीमा १९ क्षेत्रमा निर्वाचनबाट प्रतिनिधि छानिएका छन्। झापाका पाँचवटै, सुनसरीका तीनवटै र उदयपुरका तीनवटै निर्वाचन क्षेत्रमा चुनावबाट प्रतिनिधि छानिएका छन्। मोरङमा ६ मध्ये क्षेत्र नम्बर ५ बाहेक सबैमा चुनाव भएको छ। त्यस्तै, एउटा-एउटा निर्वाचन क्षेत्र रहेका संखुवासभा र धनकुटामा पनि निर्वाचनबाट प्रतिनिधि चयन भएका छन्। ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम र भोजपुरमा भने सर्वसम्मतमा प्रतिनिधि छानिएको छ। खोटाङमा जिल्ला कार्यसमितिले सर्वसम्मत १० प्रतिनिधि छाने पनि असन्तुष्ट पक्षले निर्णय सच्याउन माग गर्दै केन्द्रीय संगठन विभागमा उजुरी दिएको छ। कोशी प्रदेश समिति लेखा आयोगका सचिव ओमप्रकाश घिमिरेलगायत युवा नेताले हस्ताक्षर गरेको उजुरीमा केन्द्रीय नेताहरूले आफ्नो गोजीका व्यक्तिलाई प्रतिनिधि बनाएको भन्दै निर्णय सच्याउन माग गरेका छन्।

त्यस्तै, ३२ निर्वाचन क्षेत्र रहेको मधेशमा ६ वटा निर्वाचन क्षेत्रमा चुनाव भएको छ। महोत्तरी १ र ४ मा चुनाव भएको छ भने ३ मा मंगलबार चुनाव हुँदै छ। त्यस्तै, सिराहा १, धनुषा २ र बारा १ मा चुनावबाट प्रतिनिधि चयन भएका छन्। चार निर्वाचन क्षेत्र रहेको रौतहटमा क्षेत्र नम्बर ४ मा मात्र चुनाव भएको छ। सप्तरी, पर्सा र सर्लाहीका चार-चारवटै निर्वाचन क्षेत्रमा सहमतिबाट प्रतिनिधि टुंग्याइएको छ। सिराहा र बाराका तीन-तीन र धनुषाका तीनवटामा पनि सर्वसम्मत प्रतिनिधि चयन गरिएको छ।

बागमतीमा काठमाडौं उपत्यकाका १५ बाहेक १८ निर्वाचन क्षेत्रमध्ये तीनवटामा निर्वाचन भएको छ। सिन्धुपाल्चोकका दुईवटै र मकवानपुरका दुईमध्ये निर्वाचन क्षेत्र १ मा चुनावबाट प्रतिनिधिको टुंगो लागेको हो। सिन्धुलीमा दुईमध्ये निर्वाचन क्षेत्र १ मा भने सहमतिको प्रयास जारी नै रहेकाले टुंगिएको छैन। यसबाहेक चितवन, रामेछाप, काभ्रे, दोलखा, नुवाकोट, धादिङ र रसुवामा सर्वसम्मत रूपमा प्रतिनिधि चुनिएका छन्।

■ कसरी छानिए प्रतिनिधि ?

एमालेमा सम्पर्क विशेषसहित आठ प्रदेश, ३२ विभाग, २४ जनसंगठन, १६५ निर्वाचन क्षेत्र, सल्लाहकार कमिटीसहित चार केन्द्रीय निकाय, चार विशेष जिल्ला कमिटी, सात प्रदेशका मजदुर क्षेत्र, भारत प्रवास, युरोप, एसिया, मध्यक्षेत्र जिल्ला कमिटी र केन्द्रीय कार्यालयबाट प्रतिनिधि छनोट हुने प्रावधान छ। यसैअनुसार पदेन र मनोनीतबाहेक ६ लाख ७० हजार सदस्यबाट कम्तीमा साढे १६ सय प्रतिनिधि भूगोलको निर्वाचन क्षेत्रसहित विभिन्न स्थानबाट चुनिएका छन्। पदेन र मनोनीतसहित एमालेमा दुई हजार दुई सयहार हारी महाधिवेशन प्रतिनिधि हुनेछन्।

प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट एक हजार दुई सयसम्म पार्टी सदस्यबराबर चारजना प्रतिनिधि छानिएका छन्, जसमा ४० वर्षमुनिका एक युवा र कम्तीमा एकजना महिला छन्। कुनै निर्वाचन क्षेत्रमा न्यूनतम एक हजार दुई सयभन्दा अरू आठ सय सदस्य थपिए थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक थप आठ-आठ सय सदस्यमा खुला प्रतिनिधि एक-एकजना छानिने मापदण्ड छ। त्योभन्दा धेरै त्यही अनुपातमा पहिलो आठ सयमा महिला र अन्यमा खुला निर्वाचित प्रतिनिधि छानिने व्यवस्था छ। विशेष जिल्लामा एक हजार दुई सयजना पार्टी सदस्यबराबर कम्तीमा एक महिलासहित तीन प्रतिनिधि छानिएका छन्।

दलित प्रतिनिधिका रूपमा भूगोलका जिल्लाअन्तर्गत पाँच सयसम्म दलित पार्टी सदस्यबाट कम्तीमा एकका दरले प्रतिनिधि निर्वाचित भएका छन्। मजदुर प्रतिनिधि चयनका लागि भूगोलका सात प्रदेशअन्तर्गत कार्यरत श्रमिक पार्टी सदस्यबाट कम्तीमा तीन महिलासहित सातजनाका दरले ४९ जना, भारत प्रवास विशेष निर्वाचन क्षेत्रबाट कम्तीमा तीन महिलासहित १० र बाँकी प्रवासका पाँचवटा विशेष निर्वाचन क्षेत्र (अमेरिका-क्यानडा, युरोप, एसिया-प्यासिफिक, खाडी र ओसिनिया)बाट प्रत्येक क्षेत्रमा दुई महिलासहित पाँचजनाका दरले ३५ जना प्रतिनिधि छनोट भएका छन्।

केन्द्रीय विभागबाट ३२ जना, केन्द्रीय कार्यालयबाट एकजना प्रतिनिधि चुनिएका छन्। २४ जनसंगठनमध्ये जनसंगठन र महासंघका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यमध्ये कम्तीमा तीन महिलासहित सातजनाका दरले र जनसंगठनबाट दुई महिलासहित पाँचजनाका दरले १३७ प्रतिनिधि छानिएका छन्।

हत्या मुद्दाका...

पृष्ठ १ बाट क्रमशः

आरोपीहरू रामनारायण मण्डल, रामदेव सदा मुसहर, मनिक शर्मा, बच्चा यादव (बौका) र भोलिछन सदा मुसहरविरुद्ध २२ असार ०७५ मा चलेको मुद्दा जिल्ला अदालत सप्तरीले मुल्तबीमा राखेको छ। पक्राउ पुर्जी जारी हुँदा पनि प्रहरीले पक्राउ गर्न चासो दिएको छैन।

अदालतबाट जारी म्यादमा हाजिर हुन नआएको र प्रहरीले पक्राउसमेत नगरेकाले 'पक्राउ परेपछि मुद्दाको बाँकी कारबाही गर्ने गरी' जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको इजलासले १४ फागुन ०७९ मा मुल्तबीमा राखेको थियो। तर, त्यसको साढे नौ महिनाअघि नै ३० वैशाख ०७९ मा स्थानीय तह निर्वाचनमा उनी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भए।

मण्डलसहित सातजनाविरुद्ध सप्तरी जिल्ला अदालतबाट १५ वैशाख ०७८ मा पक्राउ पुर्जी जारी भएको देखिन्छ। मण्डल गाउँपालिका अध्यक्षमा निर्वाचित भइसकेपछि त प्रहरीले अनुसन्धान प्रक्रिया नै रोकेको देखिन्छ। अन्य अभियुक्त पनि गाउँमै छन्।

गाउँपालिका अध्यक्ष मण्डलले आफूसहित चारजना ०५५ मै २२ दिन थुनामा बसेर हाजिरी जमानीमा छुटिसकेको, तर आरोपितमध्येका केही व्यक्ति हाजिर नभएकाले मुद्दा टुंगिन बाँकी रहेको बताए। 'म फरार छैन, पक्राउ पुर्जी जारी भएको भन्ने थाहा छैन। दुई-चारजना हाजिर नभएकाले अदालतले मुद्दा मुल्तबीमा राखेको छ, टुंगिएको छैन,' उनले दाबी गरे, 'हाजिर हुनुपरे, म हाजिर भइहाल्छु।'

सप्तरीका एसपी गौतमकुमार केसीले मुद्दाका विषयमा बुझेर मात्र बताउन सकिने बताए। 'यो मुद्दा के-कसो भएको हो भन्ने अध्ययन गरेर भनौंला,' उनले भने।

गाउँपालिकाका अध्यक्ष मण्डलसहित सातजनामाथि पक्राउ पुर्जी जारी भएको चार वर्षमा पाँचजना प्रहरी उपरीक्षक (एसपी) फेरिए पनि कसैले पक्राउ गरेनन्। मण्डलमाथि पक्राउ पुर्जी जारी भएपछि राजेन्द्रप्रसाद धमला, अविनारायण काफ्ले, नरेन्द्रकुमार कार्की, गजुसिद्धि बज्राचार्य, धकेन्द्र खतिवडा फेरिएका छन्। हाल गौतमकुमार केसी सप्तरीका एसपी छन्।

मधेश प्रदेशका डिआइजी गोविन्द थपलियाले पक्राउ पुर्जी जारी भएको व्यक्तिलाई प्रहरीले पक्राउ गर्ने बताए। 'यो घटनामा के भएको हो म बुझ्दै छु,' उनले भने।

अधिवक्ता रवीन्द्र यादवले भने, 'राजनीतिक दबाबमा प्रहरीले आरोपीलाई पक्राउ गरेको छैन। संवेदनशील घटनामा समेत प्रहरीको काम देखिएन। अभियुक्तलाई तत्काल पक्राउ गरेर निष्पक्ष अनुसन्धान गर्नुपर्छ।'

तत्कालीन बेल्हीचपेना गाविस- ३ स्थित रामजानकी मन्दिरका पुजारी जन्त्रीदास बैरागीको अस्थिपञ्जर ३ साउन ०५५ मा फेला परेको थियो। हाल राजगढ गाउँपालिका अध्यक्ष रहेका ओमप्रकाश मण्डलका बुबा गंगाराम (बेल्हीचपेना गाविसका तत्कालीन अध्यक्ष)ले मन्दिरको ११ बिघा जग्गाको धान मन्दिरलाई दिन नमानेको विवादले हत्या घटना भएको अदालतमा दायर अभियोगपत्रमा उल्लेख छ। राजविराजमा रहेका गाविस अध्यक्षसँग बैठक गर्ने भन्दै पुजारीलाई बोलाएर कोशी नहरको उत्तरदक्षिण जाने पुलनजिक हत्या गरेर फालेको आरोप छ।

मन्दिरको बाली लुटपाट गरेको र ज्यान मार्ने धम्की दिएको भन्दै पुजारीले गंगारामविरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदन दिएका थिए। तर, 'मिलापत्र गराइदिन्छु, गंगाराम मण्डल राजविराजमै छ, गएर भेटघाट गरी प्रहरी चौकी पथलगाडामा बैठकमा जानुपर्छ' भनेर बचा यादव (बौका)ले पुजारीलाई लिएर गएको देखिएको अभियोगपत्रमा छ। तर, पुजारी बेपत्ता भएको १० दिनपछि अस्थिपञ्जर फेला परेको थियो। उक्त अस्थिपञ्जर (हड्डी) को राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा परीक्षण भएको देखिन्छ।

'मन्दिरको नाममा रहेका जग्गा र पोखरीसमेतको आम्दानी हिनामिना भएको र बाली लुटपाट सम्बन्धमा मृतकले उठाएको विवादमा रिसइबी राखी मृतकलाई राजविराज हुँदै गंगाराम मण्डललाई भेटी पथलगाडा चौकीमा बैठकमा जानुपर्छ भनी निजलाई कर्तव्य गरी मारी नहरमा लास फालिदिएको तथ्य पुष्टि हुन आएका छन्,' अभियोगपत्रमा भनिएको छ।

मुख्यमन्त्री...

पृष्ठ १ बाट क्रमशः

गरेको छ। सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन मंगलबार परमादेश जारी गरेपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन्।

आफूलाई अदालतको आदेश औपचारिक रूपमा प्राप्त नभएको बताउँदै उनले प्रदेश सभा र प्रदेश प्रमुख कार्यालयबाट आफैंले जानकारी लिएर विश्वासको मतका लागि प्रक्रिया अगाडि बढाउन प्रदेश सभालाई पत्रचार गरेको बताए। विश्वासको मत पाउनेमा आफू पूर्ण रूपमा विश्वस्त रहेको उनले बताए। विगतमा एमालेले मुख्यमन्त्री बनाउन धेरै दललाई सहयोग गरेको र सोही आधारमा आफूलाई ती दलहरूले विश्वासको मतमा सहयोग गर्ने उनले दाबी गरे।

मुख्यमन्त्री यादवले आफ्नो नेतृत्वको सरकारले अहिलेसम्म गरेको कामहरूको समेत जानकारी गराए। स्नातक गरी बेरोजगार रहेका युवालाई मासिक दुई हजार जीवन निर्वाह भत्ता, दलित, मुस्लिम तथा पछाडि परेका युवालाई उच्च शिक्षाका लागि एक लाखको छात्रवृत्ति, प्रदेशमा रोजगारी अभिवृद्धिका लागि बन्द रहेका उद्योग कलकारखाना सञ्चालनमा ल्याउनेलगायत निर्णय गरेको उनले बताए।

विदेशी विद्यार्थीको अध्ययन भिसामा कडाइ

भिसा दुरुपयोग भएको भेटिएपछि विदेशी विद्यार्थीको अनुगमन गर्न अध्यागमन विभागले ७७ वटै जिल्लामा पठायो पत्र

● अध्यागमन विभागका प्रवक्ता **टिकाराम ढकाल** भन्छन्-



प्रत्येक वर्ष सरदर एक हजारदेखि ११ सय विदेशी विद्यार्थीले अध्ययन भिसा लिने गरेको देखिन्छ। कतिपय विद्यार्थीले लामो अवधिको बसाइमा अध्ययन भिसालाई वैकल्पिक उपायका रूपमा प्रयोग गर्ने गरेको पाइयो। यसका लागि नक्कली कागजातसमेत पेस हुने गरेको भेटिएपछि व्यवस्थित गर्न खोजिएको हो।

टेकराज थामी/नयाँ पत्रिका

अध्यागमन विभागले नेपालमा अध्ययनरत विदेशी विद्यार्थीको भिसामा कडाइ गरेको छ। नेपालका विभिन्न शैक्षिक संस्थामा भर्ना भएका विदेशी विद्यार्थीले अध्ययन भिसा दुरुपयोग गरेको पाइएपछि विभागले कडाइ गरेको हो। विदेशी विद्यार्थीको अनुगमन गर्न विभागले ७७ वटै जिल्लामा पत्र काटेको छ।

विभागको तथ्यांकअनुसार सात वर्षयता सात हजार ९५७ विदेशी विद्यार्थीले अध्ययन भिसा लिएका छन्। उनीहरूमध्ये केही विद्यार्थी भर्ना भएको शैक्षिक संस्थामा नियमित हाजिर नहुने, अध्ययनको कोर्स पूरा गरेका विद्यार्थीले शैक्षिक प्रमाणपत्र पेस गर्न नसकेको मात्र नभई आपराधिक क्रियाकलापमा समेत संलग्न रहेको भेटिएपछि विभागले भिसामा कडाइ गरेको हो।

विभागका प्रवक्ता टीकाराम ढकालले अध्ययन भिसाको दुरुपयोग भएको भेटिएपछि व्यवस्थित गर्न खोजिएको बताए। 'प्रत्येक वर्ष सरदर एक हजारदेखि ११ सयहाराहारीमा विदेशी विद्यार्थीले अध्ययन भिसा लिने गरेको देखिन्छ। तर, उनीहरू नियमित रूपमा कलेज भर्ना भएको देखिँदैन। कतिपय विद्यार्थीले त लामो अवधिसम्मको बसाइमा अध्ययन भिसालाई वैकल्पिक उपायका रूपमा प्रयोग गर्ने गरेको पाइयो। यसका लागि नक्कली कागजातसमेत पेस हुने गरेको भेटिएपछि व्यवस्थित गर्न खोजिएको हो,' उनले भने।

नेपालमा विदेशी विद्यार्थीले एकेडेमिक र नन-एकेडेमिक गरी दुई प्रयोजनले अध्ययन भिसा लिँदै आएका छन्। चिकित्सा विज्ञान, इन्जिनियरिङ, अर्थशास्त्र, समाजशास्त्रलगायत विषय अध्ययन एकेडेमिक हुन् भने भाषा, संस्कृति, नृत्य, नाटक, चित्रकला, वास्तुकला सिकाइलगायत अध्ययन नन-एकेडेमिक हुन्। इमानदारीपूर्वक अध्ययन गर्न चाहने विद्यार्थी शैक्षिक संस्थामा आफैं भर्ना हुन्छन्। र, नियमित कक्षा जान्छन्। तर, अध्ययन भिसालाई नेपाल बस्ने वैकल्पिक माध्यम मात्रै बनाउन चाहने विद्यार्थी कन्सल्टेन्सी जान्छन्। कागजात उनीहरूले नै तयार गरिदिन्छन्। सोही कागजातका आधारमा कलेज भर्ना हुन्छन्। कलेजलाई नियमित शुल्क पनि बुझाउँछन्।

कुन वर्ष कतिले लिए अध्ययन भिसा ?

वर्ष	अध्ययन भिसा
२०१९	१८५३
२०२०	१०९५
२०२१	९५४
२०२२	९६०
२०२३	९९२
२०२४	११०८
२०२५	९९५
जम्मा	७,९५७



■ पछिल्ला सात वर्षमा कुन देशबाट कति विद्यार्थीले लिए अध्ययन भिसा ?

सबैभन्दा धेरै मलेसियाका विद्यार्थी

अध्यागमन विभागका अनुसार ३,७१६ मलेसियन विद्यार्थीले अध्ययन भिसा लिएका छन्। यस अवधिमा चीन ५५४, अमेरिका ५५१, दक्षिण कोरिया ४७३, जापान ३८५, म्यानमार २२७, श्रीलंका २१६, माल्दिभ्स १९१, बेलायत १६१, जर्मनी ११७, रुस ९८, क्यानडा ९७, अस्ट्रेलिया ८३, फ्रान्स ८३, भियतनाम ६४, भुटान ६३, ताइवानका ५९ सहित ९५ मुलुकका विद्यार्थीले अध्ययन भिसा लिएको विभागको तथ्यांकले देखाउँछ।

तर, विद्यार्थी कक्षामा हाजिर हुँदैनन्। आपराधिक क्रियाकलापमा संलग्न हुने यस्तै खालका विद्यार्थी रहेको विभागको बुझाइ छ।

'नेपालमा एकेडेमिक र नन-एकेडेमिक अध्ययन भिसा जारी हुन्छ। जेन्युइन विद्यार्थी कलेज भर्ना हुन्छन्। नियमित कलेज जान्छन्, तर जसले बसाई लम्ब्याउने प्रयोजनका लागि मात्रै यो भिसा लिन्छ, ऊ कलेज जाँदैन, फी भने तिरिरहेको हुन्छ। यस्तो क्रियाकलापले कलेजलाई आम्दानी त भयो, तर भिसाको सदुपयोग भएन,' ढकालले भने।

नियमतः अध्ययन भिसा लिन चाहने विद्यार्थी सुरुमा सम्बन्धित शैक्षिक संस्थामा भर्ना हुनुपर्छ। सोही आधारमा शैक्षिक संस्थाले सम्बन्धित विद्यार्थीलाई अध्ययन भिसा उपलब्ध गराइदिन शिक्षा मन्त्रालयलाई सिफारिसपत्र लेख्छ। र, मन्त्रालयको सिफारिसपछि विभागले सम्बन्धित विद्यार्थीलाई अध्ययन भिसा उपलब्ध गराउँछ। शैक्षिक संस्थाले विदेशी विद्यार्थीलाई पहिलो वर्ष सजिलै भर्ना लिन्छन्। सोही आधारमा उनीहरूले भिसा पनि सजिलैसँग पाउँछन्। तर, नवीकरण गर्नुपर्ने समयमा भने शैक्षिक संस्थाले जाली कागजात बनाउँछन्। र, भिसा नवीकरणका लागि सिफारिस पठाउँछन्। यो धन्दामा कन्सल्टेन्सीसमेत संलग्न रहेको विभागको भनाइ छ।

'अध्यागमन विभागले गरेको अनुगमनका क्रममा कतिपय शैक्षिक संस्थाले अध्ययन कार्यमा नियमित रूपमा संलग्न नहुने पूर्वजानकारी हुँदाहुँदै विद्यार्थी भर्ना गर्ने गरेको पाइयो। संस्थाको आम्दानीलाई हेरेर उनीहरूले यस्तो गरेको देखिन्छ। हुँदाहुँदा कानुनले बर्जित गरेका क्रियाकलापमा संलग्न भएका विदेशीलाई समेत अध्ययन भिसा सिफारिस गर्ने गरेको पाइएको छ,' विभागका प्रवक्ता ढकालले भने। विभागका अनुसार गैरकानुनी क्रियाकलापमा सहभागी हुने विदेशी विद्यार्थीको सम्बन्धमा त्यस्ता शैक्षिक संस्थाले सरोकारवाला कुनै निकायमा सूचना दिने गरेका छैनन्। विभागले त्यस्ता विद्यार्थीको सूचना उपलब्ध गराउन शैक्षिक संस्थालाई निर्देशन नै दिएको छ।

गत १० मंसिरमा गरिएको निर्देशनमा भनिएको छ, 'भिसा तथा आम्दानी प्रयोजनका लागि मात्र आफ्नो शैक्षिक संस्थामा विदेशी विद्यार्थी भर्ना नगर्न, आफ्नो संस्थामा अध्ययनरत विद्यार्थी नियमित रूपमा पठनपाठनमा संलग्न भए-नभएको यकिन गरी मात्र भिसा सिफारिस गर्न र पठनपाठनभन्दा बाहेक अन्य शंकास्पद गतिविधिमा संलग्न भएको जानकारीमा आएमा तत्काल अध्यागमन विभाग वा स्थानीय प्रशासनलाई सूचना दिन अध्यागमन विभाग सबै शैक्षिक संस्थालाई अनुरोध गर्दछ।'

विश्व भाषा क्याम्पसका विद्यार्थी कोकिन कारोबारी

लागुऔषध नियन्त्रण ब्युरोले ९ भदौ ०७८ मा तान्जेनियाली नागरिक गट्युंड लियोनार्द किमोरलाई दुई किलो ९६६ ग्राम कोकिनसहित सिन्धुलीको खुर्कोटबाट पक्राउ गऱ्यो। अनुसन्धानपछि उनी विश्व भाषा क्याम्पसको विद्यार्थी रहेको खुल्यो। सन् २०२१ मा क्याम्पस भर्ना भएकी उनी स्टुडेन्ट भिसामा दुई वर्षदेखि नेपाल बस्दै आएकी थिइन्। क्षेत्रपाटीमा प्रतिमहिना २० हजार रुपैयाँ फ्ल्याट भाडामा लिई बस्दै आएकी उनी सन् २०१९ मा पर्यटक भिसामा पहिलोपटक नेपाल आएकी थिइन्। पर्यटक भिसाको म्याद अवधि सकिएपछि उनले स्टुडेन्ट भिसा लिएकी थिइन्। त्यसपछि लगातार नेपाल बस्दै आएकी उनले लागुऔषध कारोबारमा विशेष गरी 'एन्टी सर्भिलेन्स'को भूमिका निभाउने गरेको प्रहरीको अनुसन्धानले देखाएको थियो । त्यसबाहेक उनले क्षेत्रपाटीस्थित फ्ल्याटमा यौनधन्दासमेत चलाउँदै आएकी थिइन्।

बैंक सर्वेक्षणका नाममा ११ जनाको ३८ लाख चोरी



नयाँ पत्रिका

बैंक सर्वेक्षणका नाममा बैंक खाताबाट पैसा चोरी गर्ने समूह सक्रिय देखिएको छ। सर्वेक्षण गर्ने भन्दै ११ जनाको बैंक खाताबाट ३८ लाख ५९ हजार चोरी गरेको अभियोगमा प्रहरीले नौजनाविरुद्ध मुद्दा चलाएको छ।

सिन्धुपाल्चोकका राजन गिरी, ओखलढुंगाका मिनाल कान्द्री, भारतीय नागरिक आदित्य कुमार, सिन्धुलीका कुमार थापा, नेत्रबहादुर थापा र जयबहादुर चौहान तथा भोजपुरका कुमार सार्की र मोरङका दिलीपकुमार राजवंशीविरुद्ध प्रहरीको साइबर ब्युरोले जिल्ला अदालत, काठमाडौंमा आइतबार विद्युतीय ठगी मुद्दा दायर गरेको हो। बैंकको सर्वेक्षणमा भाग लिँदा १० हजार रुपैयाँ बोनस आउने भन्दै बैंक खाता ह्याक गरेर उनीहरूले पैसा चोरी गरेको ब्युरोका एसपी दीपकराज अवस्थीले बताए।

ठगिनेमध्ये एक लक्ष्मीप्रसाद ढकाल हुन्। उनले फेसबुकमा एभरेस्ट बैंकको सर्वेक्षणमा भाग लिएर १० हजार रुपैयाँ जित्नुहोस् भन्ने पोस्ट देखे। एभरेस्ट बैंककै पोस्ट ठानेर उनले त्यहाँ दिइएको लिंकमा क्लिक गरे। सर्वेक्षण फारममा मोबाइलमा आउने एउटा ओटिपी हाल्न भनियो। त्यसको केही समयमै उनको खाताबाट जयबहादुर चौहानको एनएमबीको खातामा पाँच लाख रुपैयाँ ट्रान्सफर भयो। सर्वेक्षणका नाममा मोबाइल बैंकिङको ओटिपी प्राप्त गरी ठगी गर्ने समूहले त्यसरी उनको खाताबाट पैसा चोरी गरेको थियो।

सोही शैलीमा रामचन्द्र ढकालको खाताबाट पाँच लाख, शैलेशकुमार श्रेष्ठको खाताबाट पाँच लाख, अजय शाहीको खाताबाट ४५ हजार, श्यामसुन्दर अर्यालको खाताबाट पाँच लाख, सुरेशकुमार यादवको खाताबाट ६ लाख ८९ हजार चोरी भएको थियो। त्यस्तै, प्रदीपराज भण्डारी र बाबुशरण महर्जनको खाताबाट तीन-तीन लाख र सुशीलकुमार खनालको खाताबाट एक लाख २५ हजार अरूको खातामा ट्रान्सफर भएको प्रहरीले जनाएको छ। आफ्नो खाता रहेकै बैंकको सर्वेक्षण भएको र बैंकबाटै ओटिपी आएको ठानेर भुक्किने भएकाले बैंकको सर्वेक्षणका नाममा ठगी भएको हो।

पक्राउ परेका अभियुक्तले एक चिनियाँ नागरिकले आफूहरूलाई यो काममा लगाएको बताएका छन्। भारतीय नागरिक आदित्यकुमार गिरोहका नाइकेमध्ये हुन्। वाल्डो क्यासिनोमा भेटिएका चिनियाँ नागरिकले सो काममा लगाएको बयान उनले दिएका छन्। तर, ती चिनियाँको प्रहरीले पहिचान गर्न सकेको छैन।

संक्षेप

फरार कैदीबन्दीकै कारण चुनाव बिथोलिँदैन : गृहमन्त्री

धनगढी/ गृहमन्त्री ओमप्रकाश अर्याललले जेन-जी आन्दोलनका क्रममा कारागारहरूबाट फरार कैदीबन्दी र लुटिएका हतियारका कारण निर्वाचन बिथोलिने अवस्था नरहेको दाबी गरेका छन्। धनगढीमा सुदूरपश्चिम प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा मंगलबार उनले लुटिएका हतियार र फरार कैदीबन्दी फिर्ता ल्याउन सरकार लागिपरेको बताए। 'लुटिएका हतियार धेरै ठुलो संख्यामा फिर्ता गरिसकेका छौं। केही अझै बाहिर छन्। त्यो पनि जफत गर्ने क्रम तीव्र रूपमा अघि बढिरहेको छ। जे-जति हतियार र कैदीबन्दी बाहिर छन्, फिर्ता ल्याउन विशेष रूपमा अपरेसन चलाउँछौं र चलाइरहेका पनि छौं,' अर्याललले भने।

एमालेकी गुरुङ बनिन् लुम्बिनी प्रदेश सभा सदस्य

बुटवल/ लुम्बिनीमा रिक्त रहेको प्रदेश सभा सदस्य पदमा रेवती गुरुङ चयन भएकी छिन्। समानुपातिक निर्वाचनतर्फबाट उनी निर्वाचित भएकी हुन्। निर्वाचित गुरुङलाई सभामुख तुलाराम घर्तीमगरले मंगलबार पद तथा गोपनीयताको शपथ गराए। एमालेबाट प्रतिनिधित्व गर्ने सरिता पुनको निधन भएपछि रिक्त रहेको पदमा निर्वाचित गुरुङ रुपन्देही देवदह नगरपालिका- ५ की हुन्। प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम ४ मंसिर ०७९ मा समानुपातिक निर्वाचन प्रणालीअनुसार सम्पन्न भएको निर्वाचन एवं निर्वाचन आयोगको ११ मंसिरको निर्णयअनुसार उनी प्रदेश सभा सदस्य पदमा निर्वाचित भएकी हुन्।



हेटौंडा बजारको सडक विस्तार सुरु भएसँगै सवारी चाप व्यवस्थापनका लागि वैकल्पिक मार्गमार्फत सवारी सञ्चालन गर्ने तयारी गरिँदै। सडक डिभिजन कार्यालय हेटौंडाले सडक विस्तारको काम अघि बढाउँदै मुख्य बजार क्षेत्रमा निर्माणका कारण हुने अवरोध न्यूनीकरण गर्न बाइपास मार्ग प्रयोगमा ल्याउन लागेको हो। तस्बिर : पोष्टराज अधिकारी/नयाँ पत्रिका

नेकपाको उपत्यकास्तरीय सन्देश सभा स्थगित

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीको उपत्यकास्तरीय सन्देश सभा स्थगित भएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बुधबार मध्याह्न १२ बजे आयोजित सभा स्थगित गरिएको हो। केन्द्रीय कार्यालयको समन्वयमा अर्को मिति तोकिने नेकपाले जनाएको छ। उपत्यका, सम्पर्क र बागमती प्रदेशको सभा एकै दिन गर्ने तयारी रहेको नेपाली कम्युनिस्ट पार्टीका नेता मोहन गौतमले जानकारी दिए। 'उपत्यका, सम्पर्क र बागमती प्रदेशको सन्देश सभा छुट्टाछुट्टैभन्दा एकै दिन गरौं भन्ने भयो। त्यही कारण बुधबारको सभा स्थगित गरिएको छ। थप तयारी गरेर अब संयुक्त सभा हुन्छ,' उनले भने।

मध्यरातमा धानको कुन्युमा आगजनी

लहान/ घर लैजान ठिक्क पारेको धानको कुन्युमा आगजनी भएपछि सिराहा धनगढीमाई नगरपालिका- ३, कुर्वागाउँको एक परिवारमा तीन दिनदेखि रुवाबासी चलेको छ। कुर्वागाउँदेखि करिब तीन किलोमिटर पश्चिम नवटोली गाउँमा रहेको खेतको धान काटेर घर ल्याउन कुन्यु लगाएर राखेको वेला शनिबार मध्यरात आगजनी गरिएपछि करिब रमेशी सदायको परिवारमा रुवाबासी चलेको हो। 'खडेरीका वेला पैसा तिरेर छिमेकीको बोरिङबाट सिँचाइ गरेर रोपेको धान भित्र्याउन नपाई आगजनी गरिदिए,' ७२ वर्षीय सदायले भक्कानिँदै भने, 'नाति, छोरा बुहारीसहित पाँचजनाको परिवारले वर्षदिन खाने अन्न जलाइदिए।'

मार्तडी बजारमा फर्निचर र ग्यारेजमा आगलागी

बाजुरा/ मार्तडी बजारमा रहेको एक फर्निचर र ग्यारेजमा भीषण आगलागी हुँदा दुई करोडबराबरको क्षति भएको छ। मंगलबार दिउँसो पौने १ बजे बडीमालिका नगरपालिका- ८ का व्यवसायी प्रकाश थापाको न्यु सागर फर्निचर उद्योग तथा ग्यारेजमा भीषण आगलागी भएको हो। आगो स्थानीय र सुरक्षाकर्मीको सहयोगमा करिब २ बजेपछि नियन्त्रणमा लिइएको हो। मिटर बक्सको तार सर्ट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालय, बाजुराका प्रहरी निरीक्षक लक्ष्मीराज जोशीले बताए। आगलागीबाट फर्निचर र ग्यारेजका सबै सामान जल्दा दुई करोडभन्दा बढी क्षति भएको न्यु सागर फर्निचर उद्योगका सञ्चालक थापाले जानकारी दिए।

■ वाइडबडी भ्रष्टाचार प्रकरण

सर्वोच्चमा पुनरावेदन

काठमाडौं/ बहुचर्चित वाइडबडी जहाज खरिदसम्बन्धी मुद्दामा विशेष अदालतले गरेको फैसलाउपर चित्त नबुझाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ। आफ्नो मागदाबीबमोजिम फैसला नभएको भन्दै त्यसउपर मंगलबार अख्तियारले पुनरावेदन गरेको हो। आपूर्तिकर्ता कम्पनी र त्यसका पदाधिकारीसँग मिलेमतो गरी जहाज खरिदमा बदनियत राखी भ्रष्टाचार गरेको आरोपमा अख्तियारले २२ चैत ०८० मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। २३ अर्ब ७७ करोडका दुईवटा वाइडबडी खरिद गर्दा एक अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित अख्तियारले त्यसमा संलग्न भएको भन्दै तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही, दुई पूर्वसचिव र ठेकेदारसहित ३२ जनाविरुद्ध मुद्दा दायर गरेको थियो।

अख्तियारले मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई बढी भुक्तानी भएको रकम र विमानको घटेको 'मेजर टेक्निकल स्पेसिफिकेसन'मा भारवहन क्षमतामा भुक्तानी भएको रकमलाई भ्रष्टाचार ठहर गरेर मुद्दा दायर गरेको थियो। मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई बढी भुक्तानी भएको ६७ लाख ८८ हजार १०९ अमेरिकी डलर र घटेको विमानको भारवहन क्षमताको समेत आपूर्तिकर्तालाई भुक्तानी भएको ६६ लाख अमेरिकी डलरलाई हानिनोक्सानी पुऱ्याएको मानेर त्यसैका आधारमा बिगो कायम गरेको थियो।

न्यायाधीशलाई पनि कर्मचारीसरह महँगी भत्ता दिने सरकारको निर्णय

कानुनका अनुसूचीमा संशोधन गरेर राष्ट्रसेवक कर्मचारीसरह भत्ता वृद्धि गरिँदै

नयाँ पत्रिका

सरकारले न्यायाधीशहरूलाई पनि कर्मचारीसरह महँगी भत्ता दिने निर्णय गरेको छ। चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले कर्मचारीको तलबको सट्टा महँगी भत्ता बढाउने घोषणा गरेको थियो। तर, यो सुविधा न्यायाधीशहरूले पाएका थिएनन्। सरकारले न्यायाधीशहरूको कानुनका अनुसूचीमा संशोधन गरेर राष्ट्रसेवकसरह भत्ता वृद्धि गर्ने निर्णय गरेको हो।

कानुन मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले 'प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका सर्तसम्बन्धी ऐन, २०७४ को अनुसूची १ र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को अनुसूची १ मा हेरफेर गर्ने' निर्णय गरेको छ। प्रधानन्यायाधीश र न्यायाधीशहरूको पारिश्रमिक तथा अन्य सुविधासम्बन्धी अनुसूचीमा तलब, सुविधा र भत्ताको दर तोकिएको छ। त्यसमध्ये विशेष भत्ताका रूपमा प्रदान गर्ने भत्तालाई बढाइएको हो।

विशेष भत्ताका रूपमा हाल प्रधानन्यायाधीशदेखि सबै न्यायाधीशहरूले मासिक रूपमा एक हजार रुपैयाँ पाउने व्यवस्था दुवै ऐनमा छ। अनुसूचीको विशेष भत्ताको रकमलाई संशोधन गरिएको हो। कानुन मन्त्रालय स्रोतका अनुसार यो भत्तालाई अन्य राष्ट्रसेवकसरह कायम गर्ने गरी अनुसूची संशोधन गरिएको छ।

सेवा-सुविधालाई समयसापेक्ष बनाउनुपर्ने आवश्यकता भए पनि स्रोत व्यवस्थापनमा दबाब पर्दा अपेक्षाअनुरूप तलब वृद्धि गर्न सम्भव नभएपछि सरकारले भत्ता वृद्धि गरेको थियो। चालू आवको बजेट वक्तव्यमार्फत बुँदा नम्बर ३४९ मा सबै राष्ट्रसेवकका लागि १ साउनदेखि लागू हुने गरी महँगी भत्ता वृद्धि गरी मासिक पाँच हजार रुपैयाँ पुऱ्याएको उल्लेख छ। दुई हजार रहेको साबिकको भत्तालाई सरकारले बजेटमार्फत पाँच हजार पुऱ्याएको थियो।

तर, राष्ट्रसेवकहरूको भत्ता बढ्दा राज्यकोषबाटै तलब खाने न्यायाधीशहरू भने त्यसबाट वञ्चित थिए। 'अब अरू राष्ट्रसेवकसरह नै न्यायाधीशले बजेटमार्फत बढेको भत्ता पाउने गरी कानुनी बाटो खुलेको छ,' अर्थ मन्त्रालय स्रोतले भन्यो। यससँगै न्यायाधीशहरूले विशेष भत्ताका रूपमा महँगी भत्ताबापतको मासिक पाँच हजार रुपैयाँ रकम पाउनेछन्।

मल किन्न रातभरि लाइन बसेका चार सयभन्दा बढी किसान बिहान रित्तै फर्किए

माग बढी र मौज्दात कम हुँदा विवाद हुने भन्दै सहकारीले बिक्री गरेन मल

■ भजनीका किसान गणेश साउद भन्छन्-

सहकारीमा तीन सय बोरा मल मात्र रहेछ, लाइनमा पाँच सयभन्दा बढी पुगे। एक-एक बोरा पनि भाग नपर्ने भएपछि सहकारीले बाँड्न सकिँदैन भनेर फर्कायो।

धनगढीमा **तेजराज भट्ट**

कैलालीको भजनी नगरपालिका- ८, दुसीका किसान कृष्णा चौधरी रासायनिक मल किन्न भजनी बजारमा रहेको साना किसान सहकारीअगाडि सोमबार रातभरि लाइन बसिन्। बिहान ९ बजेसम्म लाइन बसेकी उनले एक बोरा मल किन्न पाइनन्। मल किन्न आउने किसानको भिड बढी भएको र मलको मौज्दात कम हुँदा विवाद आउने देखेर सहकारीले मंगलबार मल बिक्री गर्न सकेन।

'चिसोमा रातभरि लाइन लागेर बिहान खाली हात फर्कनुपऱ्यो,' चौधरीले भनिन्, 'सहकारीले एकजनालाई एकपटक एक बोरा मल दिन्थ्यो। भिड बढी भएकाले सबैलाई नपुग्ने भएपछि त्यो पनि पाइएन।' उनका अनुसार बिहानसम्म मल लिनेको लाइन चार सयभन्दा बढी पुगिसकेको थियो। उनले आफूले २० बिघा जमिन ठेक्कामा लिएर गहुँ लगाएको बताइन्। 'गहुँ सिँचाइ गरिसक्यौं, अहिले युरिया हाल्ने वेला



हो,' चौधरीले भनिन्, 'कम्तीमा ३५ बोरा मल चाहिन्छ, सहकारीमा रातभर लाइनमा लागेर एक बोरा पाउन पनि मुस्किल छ।'

भजनीकै अर्का किसान गणेश साउद पनि सोमबार रातभर लाइन लागेर बिहान रित्तै फर्किए। 'सहकारीमा तीन सय बोरा मल मात्र रहेछ, लाइनमा पाँच सयभन्दा बढी पुगे,' उनले भने, 'एक-एक बोरा पनि भाग नपर्ने भएपछि सहकारीले बाँड्न सकिँदैन भनेर फर्कायो।' अहिले सिँचाइ गरेपछि गहुँको बोट हुर्किन युरिया मल आवश्यक पर्ने उनले बताए।

साना किसान सहकारीका व्यवस्थापक वसन्ती चौधरीले ३०८ बोरा युरिया आएकोमा पाँच सयभन्दा बढी किसान आएकाले वितरण गर्न नसकिएको बताइन्। उनले कृषि सामग्रीले केही दिनपछि थप मल दिने भनेकाले आएपछि मात्र मल वितरण गरिने जानकारी दिइन्। सरकारी अनुदानको मल बिक्री गर्ने भजनीकै अन्य दुई पसलमा पनि सोमबार रातभर किसान लाइनमा बसे। ती दुई ठाउँमा पनि मल सकिएपछि कतिपय किसान रित्तै फर्किएका थिए।

भजनी नगरपालिकाका प्रवक्तासमेत रहेका वडा नम्बर ३ का वडाध्यक्ष विक्रम चौधरीले नगरपालिकाभरि युरिया मलको चरम अभाव रहेको बताए। उनले रातभर लाइनमा लाग्दा पनि किसानले एक बोरा मल पाउन नसकेको बताए। यो सिजनमा ४३ हजार क्विन्टल युरिया आवश्यक पर्ने नगरपालिकाको कृषि शाखाले आकलन गरेको, तर हालसम्म साढे सात हजार क्विन्टल मात्र मल आएको वडाध्यक्ष चौधरीले बताए। 'किसानले मलका लागि यस्तो चिसोमा रातभर सडकमा लाइनमा बस्दा पनि मल नपाउने अवस्था छ,' चौधरीले भने, 'यहाँ दिने मलको कोटा बढाइदिन बारम्बार आग्रह गरेका छौं।' भजनी नभई जोशीपुर गाउँपालिकालगायत केही पालिकामा पनि किसानले युरिया मल पाएका छैनन्।

किसान मलका लागि भौंतारिरहँदा सरकारी अनुदानको मल बिक्री गर्दै आएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीमा भने कैलालीका लागि ७४३ मेट्रिकटन युरिया मौज्दात छ। कार्यालयका प्रमुख नवलसिंह बोगटीले हालै आएको यो मल पालिकाहरूलाई निर्धारित कोटाअनुसार वितरण भइरहेको जानकारी दिए। उनले अरू पालिकाबाट त्यस्तो गुनासो नआए पनि भजनी र जोशीपुरमा किसानले मल नपाएको गुनासो गरिरहेका बताए।

जेन-जी आन्दोलनपछिको सुरक्षा रणनीति

जेन-जी आन्दोलनपछि अशान्ति नियन्त्रणदेखि सूचना प्रवाह, फौज परिचालनदेखि कानुनी व्यवस्था, सबै क्षेत्रमा संरचनात्मक सुधारको खाँचो स्पष्ट देखियो



● रामचन्द्र खत्री

अग्रलेख

सन् २०२५ को नेपालको जेन-जी आन्दोलनमा देखा परेका हिंसात्मक गतिविधि, डिजिटल असन्तोषको लहर तथा गलत सूचनाद्वारा उत्पन्न अस्थिरताले नेपालको सुरक्षा प्रतिक्रिया क्षमता, अन्तर-निकायबिचको समन्वय, सूचना व्यवस्थापन र कानुनी संयन्त्रको तत्परतासम्बन्धी वास्तविक प्रतिबिम्ब उजागर गरायो। देशभर देखिएका आगजनी, तोडफोड, लक्षित अवरोध र भिड व्यवस्थापनमा उत्पन्न चुनौतीले बदलिँदो सामाजिक-डिजिटल वातावरणलाई मध्यनजर गर्दै सुरक्षा संरचनाको पुनर्मूल्यांकन तथा आधुनिकीकरण अपरिहार्य भएको संकेत गरेको छ।

यही पृष्ठभूमिमा 'राष्ट्रिय हित पहिला, सुरक्षा सधैँ' भन्ने सिद्धान्तलाई आधार बनाउँदै नेपालका सुरक्षा संयन्त्रलाई दीर्घकालीन रूपमा सबल, समन्वित र भविष्यमुखी बनाउनुपर्नेछ। यसका लागि हामीले 'इगल थिंक ट्यांक'मार्फत आवश्यक रणनीतिक सुझाव प्रस्तुत गरिसकेका छौँ। आधुनिक सैन्य सिद्धान्त, संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यका मापदण्ड, अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास, रक्षा कूटनीति र डिजिटल युगका सुरक्षा चुनौतीमाथि अब विहङ्गम छलफल गर्नुपर्ने समय आएको छ।

जेन-जी आन्दोलनले नेपालको राजनीतिक चेतना, युवापुस्ताको सक्रियता, सामाजिक सञ्जालको प्रभाव, तथा सुरक्षा निकायको द्रुत प्रतिक्रिया क्षमताबारे नयाँ प्रश्न उठायो। अशान्ति नियन्त्रणदेखि सूचना प्रवाह, फौज परिचालनदेखि कानुनी व्यवस्था, सबै क्षेत्रमा संरचनात्मक सुधारको खाँचो स्पष्ट देखियो। यिनै आवश्यकतालाई मध्यनजर गर्दै राष्ट्रिय हित, नागरिक सुरक्षा, महत्त्वपूर्ण पूर्वाधार संरक्षण, वैधानिकता, पारदर्शिता, आनुपातिक प्रतिक्रिया र अन्तरनिकायीय समन्वयमा छलफल हुनु आवश्यक छ।

योजना तथा नीतिगत स्पष्टता नेपालको सबैभन्दा संवेदनशील र आवश्यक सुधार गर्नुपर्ने क्षेत्र हो। फौजहरू परिचालनसम्बन्धी संवैधानिक अस्पष्टता अन्त्य गरी नेपालको संविधान, २०७२ को धारा २६७ (६) लाई थप स्पष्ट पार्दै अतिरिक्त अवस्थाहरू, जस्तै- व्यापक आन्तरिक अशान्ति, ठुलो परिमाणको आगजनी वा तोडफोड वा सामूहिक हत्या, आतंकवाद तथा अन्य तुलनीय खतराबारे स्पष्ट उल्लेख गर्न आवश्यक छ। यसले सुरक्षा फौजहरूको परिचालन कानुनी अधिकार, स्पष्ट ट्रिगर, कारबाहीको सीमारेखा तथा संस्थागत निरीक्षण सुनिश्चित गर्न मद्दत गर्छ। यसका लागि धारा २६७ (६) लाई निम्नानुसार संशोधन गर्न आवश्यक छ : (६) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, आर्थिक विशृंखलता, अत्यधिक आन्तरिक अशान्ति, ठुलो मात्रामा आगजनी वा तोडफोड, जनसंहार, आतंकवाद वा यस्तै खालका खतराका कारण गम्भीर संकट उत्पन्न भएमा, राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपतिद्वारा नेपाली सेना परिचालनको घोषणा गरिनेछ। नेपाली सेना परिचालनको घोषणा भएपछि सो घोषणालाई एक महिनाभित्र प्रतिनिधिसभाबाट अनुमोदन गर्नुपर्नेछ।

राष्ट्रिय सुरक्षा प्रणालीलाई एकीकृत दिशानिर्देश दिने राष्ट्रिय रणनीतिक 'गाइडेन्स' तयार गरी त्यसको अभिप्रायः, राष्ट्रिय उद्देश्य, प्रयासका रेखा, अप्रेसनका रेखा, आदेश-नियन्त्रण-समन्वयसहित रोकथाम, तयारी, प्रतिक्रिया र पुनर्स्थापना सबै चरण समेटिने 'होल अफ गभर्नेन्ट रेस्पोन्स'को कार्य व्यवस्था गरिनुपर्छ। 'रुल अफ इंगेजमेन्ट' (आरओई) अद्यावधिक गरी नागरिक सुरक्षा, आनुपातिक बल प्रयोग तथा कानुनी निर्देशहरू स्पष्ट बनाइनुपर्छ। होल अफ गभर्नेन्ट रेस्पोन्सको योजनाकार तथा समन्वयकर्ताको आधार बन्ने गरी राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति अत्यावश्यक छ। अनुभवी विशेषज्ञ र थिंक-ट्यांकहरूको परामर्श पनि संलग्न गर्नुपर्छ।

जेन-जी आन्दोलनले रणनीतिक 'इन्टेलिजेन्स' क्षमतामा रहेको कमजोरीलाई अत्यन्त स्पष्ट रूपमा उजागर गर्‍यो। यसलाई सम्बोधन गर्न परिस्थिति वा संकटमा आधारित 'प्रायरिटी इन्फर्मेसन रिक्वायरमेन्ट' (पिआइआर) र 'कमनर्स क्रिटिकल इन्फर्मेसन रिक्वायरमेन्ट्स' (सिसिआइआर) लाई स्पष्ट परिभाषित गर्नुपर्छ। यस आधारमा 'ट्रिगर पोइन्ट' र 'फ्ल्यास पोइन्ट' पहिचान गरेर समयमै जोखिम मूल्यांकन गर्ने प्रणालीलाई मजबुत पार्नुपर्छ। साथै, संयुक्त राष्ट्रसंघीय 'ज्वाइन्ट मिसन एसेसमेन्ट सेन्टर' (एएमएसी) मोडेलअनुसार 'मल्टी एजेन्सी इन्टेलिजेन्स फ्युजन सेन्टर' स्थापना गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागबिच 'रियल टाइम' सूचना समन्वय सुनिश्चित गर्नुपर्छ। सामाजिक सञ्जाल विश्लेषण, भिड-व्यवहार पहिचान, 'ओपन सोर्सेस इन्टेलिजेन्स'को प्रभावकारी प्रयोग तथा 'आर्टिफिसिएल इन्टेलिजेन्स' (एआई)मा आधारित पूर्वचेतावनी प्रणालीको विकासले आधुनिक जोखिम पहिचान तथा 'प्रिभेन्टिभ इन्टरभेन्सन' क्षमतामा गुणात्मक योगदान पुर्‍याउनेछ।

सुरक्षा प्रतिक्रियालाई आधुनिक र समन्वित बनाउने सबैभन्दा महत्त्वपूर्ण कदम 'इन्टिग्रेटेड सेक्युरिटी अप्रेसन्स सेन्टर' (आइएसओसी)को स्थापना हो, जसलाई गृह मन्त्रालयअन्तर्गत 'युएन ज्वाइन्ट अप्रेसन सेन्टर' (जेओसी) मोडेलअनुसार सञ्चालन गर्न सिफारिस गरिन्छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, तथा आवश्यकताअनुसार नेपाली सेना परिचालनका लागि कानुनी रूपमा स्पष्ट र स्तरीय मोडेल आवश्यक छ। समुदायसँग प्रत्यक्ष सम्पर्क, संवाद, मध्यस्थता तथा सार्वजनिक संलग्नतामा आधारित 'कम्युनिटी इंगेजमेन्ट मेकानिज्म'लाई सशक्त बनाउनु तनाव न्यूनीकरण र शान्तिपूर्ण समाधानको आधार बन्न सक्छ। यस्तै, संरचित 'आफ्टर एक्सन रिभ्यु' तथा युएन मापदण्डअनुसार 'केस स्टडिज' तयार गरी सिकाइ, सुधार र संस्थागत दिगोपनालाई सुनिश्चित गर्नुपर्छ।



सिंहदरबार परिसरको महत्त्वपूर्ण भौतिक पूर्वाधार संरचना सुरक्षा क्षेत्रमा संयुक्त राष्ट्र संघको मोडेलअनुसार गृह मन्त्रालयअन्तर्गत विशेष सुरक्षा तथा संरक्षण विभाग स्थापना गरी पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्छ। कम्पनी प्लसको संख्यामा विशेष फौजहरू नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट नियुक्त गरी तथा सुरक्षा विज्ञ र विषय विज्ञहरूलाई करार सेवामा रहने गरी 'विशेष सुरक्षा तथा संरक्षण विभाग'अन्तर्गत परिचालन र व्यवस्थापन गर्नुपर्छ। यसअन्तर्गत फायर कन्ट्रोल कम्पनी पनि रहनुपर्छ। साथै, सामान्य र संकट दुवै अवस्थामा विभागले संयुक्त राष्ट्रसंघीय मोडेलअनुसार 'मिनिमम अप्रेसन सेक्युरिटी स्ट्यान्डर्ड' (एमओएसएस) र 'मिनिमम अप्रेसन रेसिडेन्सियल सेक्युरिटी स्ट्यान्डर्ड' (एमओआरएसएस) लागू गरी निरन्तर र विश्वसनीय सुरक्षा सुनिश्चित गर्नुपर्छ।

मानव संसाधनमा 'उचित व्यक्ति उचित स्थानमा' भन्ने पक्षलाई महत्त्वपूर्ण मानिन्छ। राजधानी सुरक्षा कार्यका लागि तैनाथ हुने फौजका सन्दर्भमा तुलनात्मक रूपमा उच्च नैतिकता, निर्णय क्षमता र अति बढी पेसेवर दक्षता भएका कमान्डर तथा कार्यगत जनशक्तिको उचित छनोट र परिचालन आवश्यक छ। राजधानी तथा संवेदनशील पूर्वाधार क्षेत्रमा तैनाथ सुरक्षा एकाइलाई पूरा संख्यालाई 'फुल अप्रेसन स्ट्रेन्थ'मा कायम राख्नु आकस्मिक अवस्थामा द्रुत एवं प्रभावकारी प्रतिक्रिया सुनिश्चित गर्ने मुख्य तत्त्व हो। यसले समन्वय, नियन्त्रण र जोखिम न्यूनीकरणमा प्रत्यक्ष प्रभाव पार्छ।

बन्दोबस्ती क्षेत्रमा 'डिजिटल लजिस्टिक्स ट्र्याकिङ प्लेटफर्म'मार्फत संसाधन व्यवस्थापनमा पारदर्शिता, वास्तविक समय निगरानी र निर्णय क्षमता अभूतपूर्व रूपमा सुधार गरी गैरघातक उपकरणदेखि सञ्चार प्रणालीसम्मको आधुनिकीकरण गर्न आवश्यक छ। सिंहदरबारको भौतिक पूर्वाधार निर्माण तथा पुनः डिजाइन गरी 'ग्र्याजुएल रेस्पोन्स डिफेन्सिभ पोस्चर' लागू गर्न आवश्यक छ। साथै, अत्यावश्यक सुरक्षा सामग्रीको समयमै र पहिलो प्राथमिकतामा खरिद सुनिश्चित गर्न 'स्पेसल डिफेन्स प्रोकरमेन्ट ल' तयार गरी लागू गर्नुपर्छ।

जेन-जी आन्दोलनले नेपाललाई डिजिटल-सामाजिक रूपान्तरणले सुरक्षालाई कसरी चुनौती दिन सक्छ भन्ने कठोर तर महत्त्वपूर्ण शिक्षा दिएको छ

सूचना तथा प्रविधिका क्षेत्रमा गलत सूचना, डिजिटल हेरफेर र साइबर जोखिम तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा सुरक्षित सञ्चार प्रणाली, साइबर स्थायित्व, एकीकृत 'साइबर इन्टेलिजेन्स ड्यासबोर्ड' तथा समयमै सूचना प्रवाह संकट व्यवस्थापनका प्रमुख स्तम्भका रूपमा व्यवस्था गरिनुपर्छ। साथै, परराष्ट्र मन्त्रालयले कूटनीतिक संयन्त्रलाई अन्तर्राष्ट्रिय साझेदारी, रणनीतिक संवाद र सन्देश व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ।

नेपालका सुरक्षा फौजको आगलागी तथा हुलदंगा नियन्त्रण क्षमता अभिवृद्धि गर्न गृह मन्त्रालयअन्तर्गत एकीकृत सुरक्षा तालिम केन्द्र स्थापना गर्नुपर्छ। केन्द्रले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीलाई आगलागी तथा तोडफोड नियन्त्रण, भिड नियन्त्रण, भिड मनोविज्ञान, वार्ता र तनाव न्यूनीकरणसम्बन्धी संयुक्त तालिम प्रदान गर्नेछ। आवश्यक परे विशेषज्ञ व्यक्तिलाई पनि संलग्न गर्नुपर्छ।

संयुक्त अन्तरनिकाय तालिम मोड्युल लागू गर्न सके त्यसले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, प्रमुख जिल्ला अधिकारी, क्याडर र नेपाली सेनाबिच समन्वय सुदृढ पार्नेछ। यी मोड्युलले सामुदायिक सहभागिता, मानवीय समन्वय, द्वन्द्व-संवेदनशीलता र सांस्कृतिक रूपले उपयुक्त सञ्चारमा केन्द्रित तालिम प्रदान गर्नेछन्। समय-समयमा 'सिमुलेसन बेस्ड एक्सरसाइजेज' सञ्चालन गरी स्थानीय सरकार, विद्यार्थी, नागरिक समाज र समुदायका अगुवालाई समेटेर सहकार्यात्मक समस्या समाधान, संकट समन्वय क्षमता र समुदायकेन्द्रित सुरक्षा तयारी सुदृढ गर्नुपर्छ।

अन्तर्राष्ट्रिय साझेदार र संयुक्त राष्ट्रसंघीय शान्ति कार्य तालिम संस्थासँग राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान आदान-प्रदान प्रवर्द्धन गर्नुपर्छ, जसले आधुनिक सुरक्षा व्यवस्थापनमा निरन्तर सिकाइको अवसर दिनेछ। साथै, युवाकेन्द्रित सहभागिता कार्यक्रम सञ्चालन गर्नुपर्छ, जसले देशभक्ति, राष्ट्रियता, राष्ट्रिय हित सार्वजनिक सुरक्षा, अपराध रोकथाम, यातायात र सडक सुरक्षा, आतंकवाद, सीमा सुरक्षा र नागरिक प्रतिरोध क्षमताजस्ता विषयमा सचेतना अभिवृद्धि गर्नेछ। यसअन्तर्गत माध्यमिक तहका विद्यार्थीका लागि 'टर्म ब्रेक' अवधिमा छोटो अवधिका कार्यशाला (१-२ हप्ताका) पनि सञ्चालन गर्नुपर्छ। गत असारमा हाम्रो इगल थिंक ट्यांकले साउथइस्टर्न स्कुल अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्टका अन्डरग्र्याजुएट विद्यार्थीलाई एकहप्ते 'मिसन-कर्तव्यपथ' सञ्चालन गरेको थियो।

वित्त व्यवस्थापनमा पर्याप्त बजेट सुनिश्चित गर्नुपर्छ, जसले सुरक्षा सञ्चालन, स्रोत व्यवस्थापन र तालिम कार्यक्रमलाई समर्थन गर्नेछ। साथै, कार्यसम्पादनमा आधारित बजेटिङ लागू गरी सार्वजनिक आन्दोलन व्यवस्थापन तथा नियन्त्रण र समुदाय सहभागिताजस्ता गतिविधिमा सुरक्षा पक्षलाई उच्च प्राथमिकता दिएर बजेट व्यवस्थापन गर्नुपर्छ।

स्थानीय भावना मूल्यांकन तथा जोखिम संकेत अनुगमन गरी जनमानसमा आत्मविश्वास अभिवृद्धि गराउने कार्य व्यवस्थापनका लागि सामुदायिक जनसम्पर्क तथा सल्लाहकार समिति स्थापना गर्नुपर्छ। प्रादेशिक र स्थानीय सरकार, विश्वविद्यालय र समुदाय संस्थासँग सहकार्य सुदृढ गर्नुपर्छ। साथै, नागरिक शिक्षा कार्यक्रम प्रवर्द्धन गरी राष्ट्रिय हित, सुरक्षा महत्त्व, कानुनी पालन, सामूहिक जिम्मेवारी र शान्तिपूर्ण नागरिक सहभागितामा जनचेतना अभिवृद्धि गर्नुपर्छ। यी सबै कार्यक्रममा अनुभवी विशेषज्ञ र थिंक-ट्यांकको परामर्श पनि संलग्न गर्नुपर्छ।

अन्त्यमा, जेन-जी आन्दोलन २०२५ ले नेपाललाई डिजिटल-सामाजिक रूपान्तरणले सुरक्षालाई कसरी चुनौती दिन सक्छ भन्ने कठोर तर महत्त्वपूर्ण शिक्षा दिएको छ। सुरक्षा संरचना, कानुनी प्रबन्ध र नीति-निर्देशनलाई समानान्तर रूपमा आधुनिकीकरण नगर्ने हो भने भविष्यमा अझ जटिल संकट उत्पन्न हुन सक्छ। नेपाललाई एक आधुनिक, समन्वित, वैधानिक र प्रविधिमुखी सुरक्षा प्रणाली तथा संरचना निर्माणतर्फ उन्मुख गराउँदै स्थायी शान्ति, राष्ट्रिय हित संरक्षण र दीर्घकालीन सुरक्षालाई मजबुत बनाउने दिशामा अघि बढ्नु हामी सबैको जिम्मेवारी हुन आएको छ।

(खत्री नेपाली सेनाका पूर्वसहायक रथी हुन्)

---

३ प्रश्न

निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त **अयोधीप्रसाद यादव**लाई



■ मतपत्रमा 'नो भोट'को व्यवस्था गर्ने भनेको के हो ?

'नो भोट' को व्यवस्थाबारे मेरो कार्यकालमा पनि कुरा उठेको थियो। पछि सम्मानित सर्वोच्च अदालतले पनि नो भोटको व्यवस्था गर्न आदेश दिएको छ। तर, माग वा आदेश जे भए पनि सरकारले निर्णय नगरी निर्वाचन आयोगले मात्र केही गर्न सक्दैन। यस्तो व्यवस्थाका फाइदा र बेफाइदा दुवै छन्। यस्तो व्यवस्थाले लोकतन्त्र नै जोखिममा पर्ला कि भन्ने आशंका पनि गरिन्छ। त्यसैले, यसअघिका सरकारले निर्णय गर्न नसकेका होलान्। तर, अहिले विशेष परिस्थितिमा निर्वाचन हुँदै छ। यस्तो अवस्थामा यो व्यवस्था राखियो भने प्रणालीको 'टेस्ट' पनि हुनसक्छ। जनताको म्यान्डेट कता छ भन्ने पनि टेस्ट हुन्छ। साथै, उम्मेदवारहरूको पनि टेस्ट हुन सक्छ।

■ यस्तो व्यवस्थाले निर्वाचनमा कस्तो प्रभाव पार्ला ?

यसले निर्वाचनमा सकारात्मक प्रभाव पार्न सक्छ। साथै, यसले उम्मेदवार शुद्धीकरणमा पनि दबाब सिर्जना गर्न सक्छ। कुनै निर्वाचन क्षेत्रमा उल्लेख्य संख्यामा नो भोटका पक्षमा मत आएमा यसबाट दलहरूलाई सोच्न दबाब सिर्जना हुन्छ। स्वच्छ छविका, योग्य र जनताले रुचाएका उम्मेदवार चयनमा दलहरूलाई सचेत गराउन सक्छ। त्यसैले, यसको नकारात्मकभन्दा सकारात्मक प्रभाव नै बढी पर्छ।

■ यो व्यवस्था आगामी निर्वाचनबाटै लागू गर्न कति सम्भव होला ?

आगामी निर्वाचनबाटै नो भोटको व्यवस्था गर्न कुनै समस्या छैन। सरकारले अध्यादेशमार्फत आवश्यक कानुन ल्याइदिनुपर्छ। कानुनी व्यवस्थासँगै सरकारले क्याबिनेटबाट नो भोटको व्यवस्थाबारे निर्णय गरिदिनुपर्छ। मतपत्र छपाइ सुरु हुनुअघि नै यसबारे निर्णय हुनुपर्छ। यस्तो भयो भने सबैले जानकारी पनि पाउँछन् र उम्मेदवारदेखि मतदातासम्म सबै सुसूचित हुन पनि पाउँछन्।

प्रेरक प्रसंग

पुस्तक अध्ययनको परिणाम

वर्नर कार्ल हाइजेनवर्ग जब १९ वर्षका थिए, त्यतिखेर उनी पाठशालामा सुरक्षा गार्डको ड्युटी गर्थे। एक दिन यस्तै ड्युटी गरिरहेको वेलामा कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एक पुस्तक उनको हातमा आइपुग्यो। जसमा प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्धान्तबारे व्याख्या गरिएको थियो।

पुस्तक हातमा परेपछि उनी त्यसको अध्ययनमा जुटे। सो पुस्तक पढ्दापढ्दै वर्नरलाई भौतिक विज्ञानप्रति रुचि बढ्न थाल्यो। परिणामस्वरूप उनी यसै क्षेत्रमा केही गर्ने विचारका साथ थप खोज र अध्ययनमा जुटे। निरन्तरको मिहिनेत र लगावका कारण २३ वर्षको उमेरसम्ममा उनी गोटिजेनमा प्रोफेसर मेक्स प्लाङ्कको सहायक पदमा नियुक्त भए। आफ्नो बेजोड प्रतिभाको बलमा उनले त्यहाँ पनि प्रोफेसर प्लाङ्कलाई प्रभावित गर्न सफल भए।

यसपछिका दिनमा उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन। उनी लगातार सफलताको सिँढी चढ्दै अघि बढे।



आफ्नो जीवनको दुढ्औं वसन्त बितुन्जेल वर्नर कोपेनहेगनको विश्वविद्यालयमा भौतिक वि१ान विषयका लेक्चरर भइसकेका थिए। त्यहाँ रहेर भौतिक वि१ान विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्दागर्दै हाइजनवर्ग सफल वै१ानिकका रूपमा परिचित भइसकेका थिए। ट-ठ वर्षसम्म उनले वि१ानमा पुर्‍याएको योगदान र उनले गरेका विभिन्न अनुसन्धानका आधारमा उनलाई भौतिक वि१ानतर्फको सन् ज्ञढघद्द को नोबेल पुरस्कार प्रदान गरियो। यस प्रकार एउद्दा पुस्तकले एकजना सामान्य सुरक्षा गार्डलाई केही वर्षभित्रै नोबेल पुरस्कार विजेता बनाइदियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

'नो भोट' राख्नैपर्छ

सरकार र निर्वाचन आयोगले आगामी निर्वाचनमा मतपत्रमा 'नो भोट'को प्रावधान राख्न लागेको समाचार पढ्दा खुसी लाग्यो। यस्तो प्रावधानले निर्वाचनमा गलत उम्मेदवारलाई उठाउने, एउटै व्यक्तिलाई पटक-पटक मौका दिने, पहिलेपहिले जितेर पनि काम नगर्ने, भ्रष्टाचारमा मुछिनेलगायत नेता या उम्मेदवारलाई जनताले अस्वीकृत गर्न सक्छन्। उनीहरूले कुनै पनि उम्मेदवारलाई भोट नदिन सक्छन्। जसले गर्दा नो भोटका पक्षमा बढी मत प्राप्त भएमा सम्बन्धित क्षेत्रमा पुनः मतदान हुने र दलहरूलाई सही उम्मेदवार चयनमा दबाब पर्नेछ। त्यसैले, आगामी निर्वाचनदेखि नै नेपालमा नो भोटको प्रावधान राख्नैपर्छ। दल र उम्मेदवारलाई सच्याउन यस्तो प्रावधान प्रभावकारी हुन पनि सक्छ।

● **समिता बराल**, कलंकी, काठमाडौं

विभाग के हेर्दै छ ?

नेपालमा उपभोक्ता अदालत गठन भएको साढे आठ महिना भइसक्दा पनि वाणिज्य विभागले एउटै मुद्दा अदालतसम्म नलगेको समाचार पढियो। मुद्दा नपर्नुको अर्थ पक्कै पनि यहाँ उपभोक्ता हकहितमा राम्रो काम भइरहेको छ भन्ने बुझ्नुपर्ने हुन्छ। तर, विभागले १३९८ फर्ममा अनुगमन भने गरेको रहेछ। तैपनि, किन उपभोक्ता अदालतसम्म मुद्दा पुगेनन् ? के यहाँ सबै काम उपभोक्ताकै पक्षमा भइरहेका छन् त ? छैनन् भने मुद्दा किन परेनन् ?

● **सुमन मास्के**, ताहाचल, काठमाडौं

लैंगिक हिंसाविरुद्ध जुटौं

यतिखेर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ। अभियान चलाउनुको अर्थ पक्कै पनि समाजमा लैंगिक हिंसा छ, त्यसलाई रोक्नुपर्छ र हामी सचेत भयौं भने त्यो रोकिन्छ भनेर जनचेतना फैलाउनु हुनुपर्छ। तर, विश्वभर लैंगिक हिंसाको 'ग्राफ' घट्नुको साटो झन्झन् उकालो चढिरहेको छ। कतै यस्ता अभियान नै प्रभावकारी नभएका त होइनन् ? सबै एकजुट भएर नलागी यस्तो हिंसाका घटनामा कमी ल्याउन सकिन्न। सबै एकजुट बनौं।

● **कपिला मुनकर्मी**, सामाखुसी, काठमाडौं

कांग्रेस महाधिवेशन हुनैपर्छ

कांग्रेसले निकै आलटालपछि बल्ल १५औं महाधिवेशनको मिति र कार्यतालिका सार्वजनिक गरेको छ। यसले देशमा पटक-पटक ऐतिहासिक जिम्मेवारी बहन गर्दै आएको सबैभन्दा ठुलो दल, कांग्रेसको महाधिवेशन हुने नै भयो भन्ने विश्वास आमकांग्रेसजनमा जागेको छ। तर, अझै पनि अविश्वासको तुवाँलो मेटिइसकेको छैन। पार्टीभित्र महामन्त्री गगन थापा आगामी महाधिवेशनमा हाबी हुने त्रासका कारण पार्टीका 'सात भाइ' कहलिने नेता र तिनका समर्थक कार्यकर्ताले अनेक बखेडा झिकेर घोषित मितिमा महाधिवेशन हुन नदिने सम्भावना पनि उत्तिकै छ।

अब महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले घोषित तालिकामा एक दिन पनि तलमाथि नहुने गरी सम्पूर्ण काम तदारुकतासाथ सम्पन्न गर्न रातदिन एक गरी काम गर्नुपर्छ। साथै, उनीहरूले पार्टीको सम्पूर्ण पंक्तिलाई पनि तदनुसार परिचालन गर्न सक्नुपर्छ। यसका लागि पार्टीका सम्पूर्ण तहका नेतृत्वलाई जिम्मेवार बनाउन सक्नुपर्छ। उनीहरूले कसैलाई पनि यो वा त्यो कित्ताका नेता, कार्यकर्ता नभनी सबैलाई विश्वासका साथ उपयुक्त जिम्मेवारी दिएर परिचालन गर्न सक्नुपर्छ।

● **पुष्पा विक**, बाटुलेचौर, पोखरा

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

महिलामाथि डिजिटल हिंसाको नयाँ जोखिम

अनलाइनमा हुने घटनाक्रमले अफलाइनमा समेत हानि निम्त्याउँछ र त्यसले महिला र युवतीलाई गम्भीर क्षति पुर्‍याउँछ



देश / विदेश

● नमिता भण्डारे

भारतमा फेरि अर्की एक महिलाले आत्महत्या गरेकी छिन्। उनलाई पतिले यातना दिएको पीडितका भाइको भनाइ छ। सन् २०१० मा विवाह भएदेखि नै सम्बन्धमा उत्तारचढाव आएको थियो। पान मसलाका व्यापारी कमल किशोरका छोरासँग विवाह गरेकी दिप्ती चौरसियाले १५ वर्षसम्म यातना सहिन्। तर, अन्ततः प्राणत्याग गर्न बाध्य भइन्। उनका भाइको दाबीअनुसार उनलाई चरम यातना दिइएको थियो र उनका पतिको अर्कै महिलासँग अफेयर चलेको थियो। आत्महत्या गर्नुअघि ३८ वर्षीया ती महिलालाई बारम्बार घरबाट निकालिएको थियो। पति अर्पित र उनकी आमालाई आत्महत्या गर्न दुरुत्साहित गरेको आरोपमा पक्राउ गरिएको छ। यसअघि निक्की भाटीको हत्यामा पाँच सय पृष्ठको प्रहरी आरोपपत्र जारी भएको केही दिनमै यो दुःखद घटना भएको हो। निक्की भाटीको हत्याको योजना उनका पति विपिन र उनकी आमाले बनाएका थिए। अगस्ट २१ मा उनका ६ वर्षीय छोराकै उपस्थितिमा उनलाई आगो लगाइएको थियो।

यो त्रासदी महिलाविरुद्ध भइरहेको हिंसालाई उजागर गर्ने संयुक्त राष्ट्रसंघीय लैंगिक हिंसाविरुद्धको वार्षिक १६ दिने अभियान चलिरहेका वेला पछिल्ला घटना भएका छन्। तथापि, यी नयाँ घटना भने होइनन्। विश्वभर नै महिलामाथिको हिंसा चरम रूपमा बढिरहेको छ। तथ्यांक निराशाजनक छ। विश्वभर तीनमध्ये एक महिला र किशोरी शारीरिक वा यौनहिंसाको सिकार हुने गरेका छन्। महिलाविरुद्धको हिंसा स्पष्ट रूपमा अपराध हो। यो त्यस्तो अपराध हो, जसलाई हामी टाढाबाट हेर्छौं। पतिले पत्नीलाई निरन्तर गाली गर्नु वास्तवमा दुर्व्यवहार हो भनेर स्वीकार गर्न अनिच्छुक छौं हामी।

संयुक्त राष्ट्र संघको अनुमानअनुसार २०२४ मा विश्वभर ५० हजार महिला तथा किशोरी आफ्ना घनिष्ठ पार्टनर वा परिवारका सदस्यद्वारा मारिएका थिए। अर्को तरिकाले हेर्ने हो भने गत वर्ष भएका सबै महिला हत्याका ६० प्रतिशत घटना परिवारका सदस्यद्वारा गरिएका थिए। त्यो भनेको प्रतिदिन १३७ महिला हुन्। हामीले हिंसालाई सामान्यीकरण गरेका मात्र छैनौँ, बरु दुर्भाग्यवश कतिपय अवस्थामा त्यसलाई जायज मान्नसमेत पछि परेका छैनौँ। भारतको राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणअनुसार कथित खानेकुरा नमिठा पकाएको, पतिको अनुमतिविना घर छाडेको, सासू-ससुराको अनादर गरेकोलगायत आरोपमा हुने कुटपिटलाई ४५.४ प्रतिशत महिला र ४४ प्रतिशत पुरुषले वैधता दिनुपर्ने विश्वास गर्छन्।

महिलाको पिछा गर्ने, तस्बिर, भिडियो र अडियोलाई डिपफेक गर्ने, सहमतिविना तस्बिर सेयर गर्ने र विशेषगरी हाई-प्रोफाइल र सार्वजनिक जीवनमा रहेका व्यक्तिलाई आक्रमणको निसाना बनाउनेलगायत क्रियाकलाप समावेश छन्

यस वर्ष राष्ट्रसंघीय महिलाले हिंसाको नयाँ रूप डिजिटल हिंसा वा प्रविधिमार्फत भइरहेको हिंसामा ध्यान केन्द्रित गरिरहेको छ। यसमा महिलाको पिछा गर्ने, तस्बिर, भिडियो र अडियोलाई डिपफेक गर्ने, सहमतिविना तस्बिर सेयर गर्ने र विशेषगरी हाई-प्रोफाइल र सार्वजनिक जीवनमा रहेका व्यक्तिलाई आक्रमणको निसाना बनाउनेलगायत क्रियाकलाप समावेश छन्। कृत्रिम बुद्धिमत्ताले परिस्थितिलाई झनै खराब बनाइरहेको छ। 'तस्बिरमा आधारित दुर्व्यवहार विस्फोट भइरहेको छ। 'अनुमानित ९० देखि ९५ प्रतिशत अनलाइन डिपफेकले महिलालाई यौनजन्य तरिकाले चित्रण गर्छन्,' एक राष्ट्रसंघीय महिला व्याख्याकर्ता भन्छिन्।

अनलाइनमा हुने घटनाक्रमले अफलाइनमा समेत हानि निम्त्याउँछ। नोभेम्बरको सुरुमा जारी गरिएको एक रिपोर्ट 'मेक इट रियल'ले कसरी एआईको सहयोगमा उत्पादित सामग्री वा डिपफेकले सेलिब्रेटीलाई मात्र नभई साधारण महिला र युवतीलाई हानि पुर्‍याइरहेको छ भन्ने देखाउँछ। उनीहरूलाई अपमानित गर्न कृत्रिम रूपमा हेरफेर गरिएका तस्बिरको व्यापक प्रयोग गरिएको छ। डिजिटल दुरुपयोग बढ्दो रूपमा हिंसात्मक अतिवादसँग जोडिएको छ। यसले सामाजिक सञ्जाल प्लेटफर्महरूमा महिलाहरूको आवाजलाई मौन बनाउँछ र व्यवसायमा आर्थिक नोक्सानी निम्त्याउन सक्छ।

गत साता मैले एक अविश्वसनीय साहसी युवतीसँग कुरा गरेँ। जसले थाहा पाइन् कि एक पूर्वप्रेमीले सामाजिक सञ्जालमा सहमतिविनाको भिडियो चुहावट गरेका थिए। सो भिडियो १२० पोर्न साइट र सामाजिक सञ्जाल प्लेटफर्ममा फैलाइएको थियो। महिलाले प्रहरीमा उजुरी दर्ता गर्ने निर्णय गरिन्। दुर्व्यवहार गर्ने व्यक्ति पक्राउ परे। तर, भिडियो हटाउन गाह्रो साबित भयो, किनकि जब यो एक साइटबाट हटाइयो, अर्को साइटमा पुनः देखा पर्थ्यो। ती महिलाले अदालतको ढोका ढकढकाइन् र अदालतले सरकारलाई यस्ता गुनासोको सामना गर्न कार्यविधि बनाउन आदेश दियो। अक्टोबरमा विद्युत् तथा सूचना प्रविधि मन्त्रालयले कहाँ र कसरी उजुरी दर्ता गर्ने र त्यस्ता तस्बिर हटाउने सुनिश्चित गर्ने कदमबारे जानकारीसहितको नौ पृष्ठको 'प्रोटोकल' प्रस्तुत गरेको थियो। यो लैंगिक हिंसाविरुद्धको लडाइँमा एउटा सानो तर महत्त्वपूर्ण विजय थियो।

(भारतीय पत्रकार भण्डारे महिला, लैंगिक हिंसालगायत विषयमा कलम चलाउँछिन्।)

हिन्दुस्तान टाइम्सबाट

पुटिनको भारत भ्रमणका अपेक्षा र सीमितता

अमेरिकी दबाबका कारण भारत-रुस सम्बन्ध न थप सौहार्दपूर्ण बन्ने सम्भावना छ, न अतिरिक्त चिसिने



● हर्ष भी पन्त



● अलेक्सी जाखारोभ

पन्त नयाँदिल्लीस्थित 'अब्जर्भर रिसर्च फाउन्डेसन (ओआरएफ)'को अध्ययन तथा विदेश नीतिका उपाध्यक्ष हुन् भने जाखारोभ सोही संस्थाका रणनीतिक अध्ययन कार्यक्रमका फेलो हुन् ।



> पुटिनको आगामी भ्रमणमा व्यापारिक साझेदारीको एजेन्डा हाबी हुनेछ । यद्यपि, दुई ठुला रुसी तेल कम्पनी (रोज्नेफ्ट र लुकोइल) विरुद्धको पछिल्लो अमेरिकी प्रतिबन्धले भविष्यमा भारतले रुसी तेल घटाउन सक्छ, भलै रुससँग भारतको ऊर्जा सम्बन्ध पूर्ण रूपमा रोकिने सम्भावना भने छैन ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले डिसेम्बर ५-६ मा नयाँदिल्लीको भ्रमण गर्ने समयतालिका छ । चार वर्षपछि हुन लागेको पुटिनको भारत भ्रमण नियमित भारत-रुस शिखर सम्मेलनअन्तर्गत हुँदै छ । मोदी-पुटिनबिचको शिखर सम्मेलनको एजेन्डा व्यापक देखिन्छ । यसमा ऊर्जा, रक्षा, नागरिक उड्डयन, महत्त्वपूर्ण खनिज, लगानी परियोजना र श्रमिकसम्मको विषयमा छलफल र सम्भवतः सम्झौता हुने बताइएको छ ।

युक्रेन युद्ध खासमा भारतीय विदेश नीतिको लागि गम्भीर चुनौतीको रूपमा देखा पऱ्यो । रुसले युक्रेनमाथि अक्रमण गरेपछि नयाँदिल्लीलाई रुस र पश्चिमसँगको सम्बन्धमा नाजुक सन्तुलन कायम गर्नुपर्ने बाध्यता सिर्जना भयो । फेब्रुअरी ०२२ र जुलाई ०२४ को बिचमा नयाँदिल्लीले मस्कोसँग न्यून तहको आधिकारिक अन्तर्क्रिया मात्र गर्ने रणनीति अपनायो । र, यस अवधिमा भारतले विशेषगरी ऊर्जा क्षेत्रमा मस्कोसँग पारस्परिक रूपमा लाभदायक आर्थिक साझेदारी कायम राख्यो ।

युक्रेन युद्धपछि भारत-रुसबिचको व्यापारिक लेनदेन ह वात्तै बढ्यो । आर्थिक वर्ष ०२१-२२ मा दुई देशको व्यापार अनुपात १३.१ अर्ब डलर रहेकोमा यो ०२४-२५ मा ६८.७ अर्ब डलरसम्म पुगेको छ । यो वृद्धि मुख्यतया भारत सबैभन्दा ठुलो रुसी तेलको आपूर्तिकर्ता बनेपछि भएको छ । भारतले अहिले आफ्नो कुल तेल आयातको ३५ प्रतिशत हिस्सा मस्कोबाट गरिरहेको छ ।

उता यहीबिचमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको जुलाई र अक्टोबर ०२४ मा क्रमशः मस्को र कजानको भ्रमण गरे । ती भ्रमणमा मोदी र पुटिनले दुई देशबिच ठोस रक्षा सहकार्यमा छलफल पुनः सुरु गर्न सहमति जनाए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मुख्यत रुसी तेल खरिदका लागि भारतमाथि भन्सार बढाइरहँदा रुसी रक्षा क्षेत्रसँग नयाँदिल्लीको मौन संलग्नतामाथि भने खासै चर्चा नै भएको छैन । यही संलग्नताको परिणामस्वरूप दुई देशबिच धेरै अस्थायी सम्झौता भइसकेका छन् ।

पाइपलाइनमा रहेका वा पहिले नै हस्ताक्षर भएका सम्झौतामा 'पन्तसिर' हवाई रक्षा प्रणाली दुई देशले मिलेर विकास गर्नेदेखि र ६ हजार किलोमिटरभन्दा ठुलो दायरा भएको 'भोरोनेज प्रारम्भिक चेतावनी राडार प्रणाली'को भारतद्वारा सम्भावित खरिद पनि समावेश छ । पछिल्लो समय 'अप्रेसन सिन्दुर'का क्रममा पाकिस्तान हवाई आक्रमणविरुद्ध रुसी हवाई रक्षा प्रणाली निकै प्रभावकारी देखियो । भारतीय वायु सेना प्रमुख एपी सिंहले रुसी एस-४०० हवाई रक्षा प्रणालीलाई त 'गेम चेन्जर' नै भने । त्यसपछि नयाँदिल्लीले 'एस-४०० युनिट'को थप ब्याच खरिद गर्न चासो देखाएको छ ।

पुटिनको आगामी भ्रमणमा व्यापारिक साझेदारीको एजेन्डा हाबी हुनेछ । यद्यपि, दुई ठुला रुसी तेल कम्पनी (रोज्नेफ्ट र लुकोइल)विरुद्धको पछिल्लो अमेरिकी प्रतिबन्धले भविष्यमा भारतले रुसी तेल घटाउन सक्छ, भलै रुससँग भारतको ऊर्जा सम्बन्ध पूर्ण रूपमा रोकिने सम्भावना भने छैन । रुसी तेल आयातको अनिश्चितता बढेसँगै शिखर सम्मेलनको ध्यान रुसमा भारतीय निर्यातलाई सक्षम पार्ने कुरामा केन्द्रित हुन सक्छ । विशेषतः भारतमा उत्पादन हुने औषधि, मेसिनरी र कृषि सामाग्रीले रुसमा बजार पाउन सक्छ ।

भारतमाथि ट्रम्पको दबाब र मोदीको प्रतिक्रिया

ट्रम्पको दोस्रो कार्यकाल सुरु हुँदा मोदी सरकारले भारत-अमेरिका सम्बन्ध थप सुध्रिने आशा गरेको थियो । तर, त्यसविपरीत भारत-अमेरिका सम्बन्ध तिक्त बन्दै गयो । यो उथलपुथलको परिणामस्वरूप ट्रम्पले भारत सामानमाथि विश्वकै सबैभन्दा उच्चमध्ये भन्सार दर थोपरेको छ । त्यसमाथि मे महिनामा भारत-पाकिस्तानबिच भएको द्वन्द्व आफूले रोकेको ट्रम्पको बारम्बारको दाबीले नयाँदिल्लीलाई चिढ्याउने गरेको छ । नयाँदिल्लीले प्रत्येकपटक ट्रम्पको दाबी खण्डन गर्दै आएको छ ।

युक्रेन युद्ध रोक्ने प्रयास सफल नभएपछि संयुक्त राज्य अमेरिकाले रुसमाथि दबाब बनाउन उसका निकट आर्थिक साझेदारमार्फत मस्कोमाथि दबाब दिन थालेको छ । यसैको परिणामस्वरूप भारतमाथि रुसी तेल किनेको भन्दै थप भन्सार लगाउँदै यसका सामान अमेरिका भित्रिँदा ५० प्रतिशतसम्म भन्सार कर लगाइएको छ । ट्रम्पको चर्को भन्सार दर लागू भएपछि नयाँदिल्ली अहिले दुई तहको समस्या सामधान गर्नुपर्ने दबाबमा छ । पहिलो, आफ्ना उत्पादकको रक्षा गर्दै अमेरिकी निर्यातलाई भारतीय बजारमा थप पहुँच प्रदान गनुपर्ने अमेरिकी मागलाई समायोजन गर्ने गरी नयाँ व्यापार सम्झौताका लागि वार्ता गर्ने र दोस्रो, राष्ट्रिय हितलाई हानि नगर्ने तरिकाले रुसी तेलको खरिद घटाउने । रिपोर्टका अनुसार भारत-अमेरिकाबिच भित्री रूपमा चलिरहेको व्यापार वार्ता सौहार्द रूपमा अगाडि बढिरहेको छ । यो अहिले पहिलो चरण 'समाप्तिको नजिक' रहेको स्रोतहरूले बताएका छन् ।

उता अमेरिकालाई खुसी बनाउनकै लागि केही हप्तादेखि भारतले अमेरिकी तेलको आयात बढाउँदै लगेको छ । त्यस्तै, भारतको सरकारी तेल कम्पनीले संयुक्त राज्य अमेरिकाबाट प्रतिवर्ष लगभग २२ लाख टन तरल पेट्रोलियम ग्यास (एलपिजी) आयात गर्ने एक वर्षको सम्झौतामा हस्ताक्षर गरेका छन् । यो परिणाम भारतको वार्षिक एलपिजी आयातको लगभग १० प्रतिशत हो । सँगसँगै भारतको रुसी तेलको आयात सेकेन्डरी प्रतिबन्धको डरले घट्दै गएको छ, विशेषगरी निजी भारतीय रिफाइनरीले गर्ने आयात ।

अमेरिकी सिनेटमा पेस गरिएको 'स्याङ्सनिङ रसिया एक्ट, २०२५' ले रुसी तेल, युरेनियम, प्राकृतिक ग्यास, पेट्रोलियम वा पेट्रोकेमिकल उत्पादन 'जानेर' खरिद गरेको वा ओसारपसार गरेको पाइएका देशका सामानमाथि ५०० प्रतिशतको भन्सार शुल्क लगाउने संयन्त्रको प्रस्ताव गरेको छ । विधेयकले उल्लेख गरेका कदमबारे निर्णय गर्ने अन्तिम अधिकार अमेरिकी राष्ट्रपतिसँग भएकाले विधेयक भारतमाथि डेमोकल्सको तरबार बन्न सक्छ । अर्थात्, भारतले रुसबाट गर्ने तेल आयातको सम्भावना थप जोखिमपूर्ण बन्दै गएको छ ।

त्यस्तै भारतले रुससँग कुनै ठुलो रक्षा सम्झौता गर्ने प्रयास गर्दा उसमाथि 'काउन्टरिङ अमेरिकन एड्भसारिज थ्रु स्याङ्सन (काट्सा)'नामक अमेरिकी कानुनअन्तर्गत सेकेन्डरी प्रतिबन्धहरू लाग्न सक्छ । ट्रम्प प्रशासनले भारत-रुसबिच बढ्दो रक्षा साझेदारीलाई कमजोर बनाउन यो प्रयोग गर्न सक्छ । यस कानुनअनुसार अमेरिकाले शत्रु घोषणा गरेका उत्तर कोरिया, इरान र रुससँग रक्षा कारोबार गर्ने देशमाथि सहायक प्रतिबन्ध लाग्नेछ । केही दशकयता भारत अमेरिकाका लागि रक्षा, प्रविधि, व्यापार र लगानी क्षेत्रमा महत्त्वपूर्ण साझेदार बनेको अवस्थामा दुई देशबिचको द्विपक्षीय संलग्नता निःसन्देह पूरै रोकिनेछैन । तथापि, सार्वजनिक बहसमा प्रवेश गरेका पछिल्ला विवादले भारत-अमेरिकाबिचको विश्वासलाई कमजोर बनाउनेछ । यसबिच, पुटिनको भ्रमणमार्फत भारतमा रुसको स्थितिलाई सुदृढ पार्ने भरमग्दुर प्रयास गरिनेछ ।

नयाँदिल्लीका लागि यसपटकको पुटिन भ्रमण रुससँगको सम्बन्ध अझै मजबुत रहेको सन्देश दिन काम लाग्नेछ । भ्रमण मोदीका लागि भारतको विदेश नीति अझै स्थिर रहेको र यो बाह्य उथलपुथलबाट अप्रभावित रहेको बताउने उत्तम अवसर हो । यसको मतलब परिस्थिति रुससँगको सम्बन्धलाई कायम राख्न असहज भए पनि भारतले रुससँगको आफ्नो साझेदारीलाई निरन्तरता दिनेछ । यस्तोमा मोदीका लागि पुटिनको भ्रमण अमेरिकालाई सन्देश प्रवाहित गर्नुका अतिरक्त आफूहरू ट्रम्पको दबाबसामु नझुकेको देशवासीलाई आश्वस्त पार्ने अवसरका रूपमा आएको छ ।

-नेसनल इन्ट्रेस्टबाट

इतिहासमा आज



डिसेम्बर ३

सन् १९८४ : भारतको भोपालमा एक युनियन कार्बाइड कीटनाशक कम्पनीबाट ४५ टन मिथाइल आइसोसाइनेटलगायत ग्यास चुहिएपछि कम्पनीआसपास बस्ने पाँच लाख मानिस प्रभावित भए भने तत्काल दुई हजार २५९ को ज्यान गयो । हजारौं मानिस पछि मारिएका थिए ।

सन् १६३९ : युरोपमा पहिलोपटक अदालतले विवाहलाई अमान्य घोषणा गरेसँगै पूर्णतः धार्मिक संस्था (चर्च)को क्षेत्राधिकार रहेको विषयमा न्यायिक क्षेत्रले हस्तक्षेप गऱ्यो ।

सन् १८१८ : इलिनोई अमेरिकाको २१औं राज्य बन्यो ।

सन् १८५४ : अस्ट्रेलियाको युरेका क्षेत्रका सुनखानी मजदुरले गरेको विरोधमा राज्य फौजले दमन गर्दा २० जनाको मृत्यु भयो । यस घटनाप्रतिको आम आक्रोशलाई साम्य पार्न अस्ट्रेलियामा धेरै प्रजातान्त्रिक सुधार गरिएको थियो ।

सन् १९११ : वैज्ञानिक विलिस क्यारियरले यसै दिन 'अमेरिकन सोसाइटी अफ मेकानिकल इन्जिनियर्स'मा पेस गरेको पत्रमा एयरकन्डिस्नर निर्माणको बलियो आधार प्रस्तुत गऱ्यो ।

सन् १९२० : टर्की र आर्मेनियाबिच भएको 'एलेक्ज्यान्ड्रोपोल सम्झौता'ले दुई देशबिच जारी युद्ध अन्त्य गऱ्यो ।

सन् १९४५ : भर्खरै नाजी नियन्त्रणबाट मुक्त भएको ग्रिसमा वामपन्थी प्रतिरोधी फौज र निर्वासनबाट फर्किएको ब्रिटेन समर्थित सरकारको फौजबिच एजेन्सका सडकमा झडप सुरु भयो । जनवरी ११ सम्म चलेको शृंखलाबद्ध झडपले ग्रिसमा गृहयुद्धको बिउ रोपेको मानिन्छ ।

सन् १९६७ : दक्षिण अफ्रिकाका सर्जन डा. क्रिस्चियन बर्नार्डले केपटाउनको ग्रुट स्कुर हस्पिटलमा विश्वको पहिलो मानव-मानवबिच मुटु प्रत्यारोपण सम्पन्न गरे । मुटु प्रत्यारोपण गरिएका ५४ वर्षीय बिरामी लुई वासकान्स्की १८ दिनसम्म बाँचेर न्युमोनियाका कारण बिते ।

सन् १९७१ : बंगलादेशमा जारी स्वतन्त्र संग्राममा भारतीय सेना पाकिस्तानी सेनासँग लडिरहेका बंगाली स्वतन्त्र सेनानीको पक्षमा आएसँगै प्रत्यक्ष रूपमा पाकिस्तान-भारत युद्ध सुरु भयो, जुन डिसेम्बर १६ मा पाकिस्तानको आत्मसमर्पणसँगै अन्त्य भयो ।

सन् १९८९ : सोभियत राष्ट्रपति मिखाइल गोर्बाचेभ र अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले माल्टा वार्ताका क्रममा शीतयुद्ध औपचारिक रूपमा अन्त्य भएको घोषणा गरे ।

२००४ : दक्षिण कोरियाली राष्ट्रपति युन सुक यियोलले ५० वर्षमा पहिलोपटक मार्सल ल घोषणा गरे, जसलाई लगत्तै संसद्ले आपत्कालीन मतदान गरेर खारेज गरिदियो ।

दासको जस्तो शान्ति चाहँदैनौं : मदुरो

काराकास / भेनेजुयलाका राष्ट्रपति निकोलस मदुरोले अमेरिकासँग बढ्दो तनावबिच सोमबार हजारौं सहभागी च्यालीलाई सम्बोधन गरे । सोमबारको मदुरोको सम्बोधन उनका राष्ट्रिय सुरक्षा टोलीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग ह्वाइटहाउसमा भेटघाट गरेपछि आएको हो ।

पछिल्लो समय ट्रम्पले भेनेजुयलावरपरको समुद्री क्षेत्रमा भेनेजुयलाका जहाजमाथि आक्रमण बढाएपछि तनाव बढिरहेको छ । अमेरिकाले सैन्य परिचालनमार्फत भेनेजुयलामाथि दबाबको सँगसँगै मदुरोको सरकारका प्रतिनिधिसँग वार्ता पनि गरिरहेको छ ।

राष्ट्रपति भवनबाहिर जम्मा भएको सोमबारको च्यालीमा सम्बोधन गर्दै मदुरोले 'आफ्नो देशले शान्ति चाहेको, तर त्यो सार्वभौमसत्ता, समानता र स्वतन्त्रतासहित हुनुपर्ने' बताए । 'हामी कुनै दासको शान्ति चाहँदैनौं, न त उपनिवेशको शान्ति नै चाहन्छौं । उपनिवेश मान्य छैन, न त दास नै,' उनले भने । अमेरिकी सेनाले पछिल्ला केही महिना भेनेजुयलाबाट अमेरिकामा लागुऔषध ओसारपसार गरिरहेको भन्दै डुंगाहरूमा बम हानिरहेको छ । अमेरिकाले क्यारिबियन क्षेत्रमा अहिले १५ हजार सैनिक तैनाथ गरेको छ ।

त्यस भेगका भेनेजुयाली डुंगामा झन्डै २१ पटक आक्रमण भइसक्यो, जसमा कम्तीमा ८३ जनाको ज्यान गइसकेको छ । अमेरिकाको खास उद्देश्य भेनेजुयलाका राष्ट्रपति मदुरो सत्ताच्युत गर्नु रहेको बताइँदै छ । ट्रम्पले अगस्टमा भेनेजुयलातर्फ शक्तिशाली पनडुब्बी र युद्धपोतहरू पठाएपछि यस्तो अड्कलमा थप बल पुगेको छ । उता, ट्रम्पले मदुरोलाई लागुऔषध तस्करी गर्ने कार्टेलका मुखिया भएको भन्दै उनको टाउकोमाथि पाँच करोड डलर पुरस्कार घोषणा गरेको छ । मदुरो र उनको सरकारले यसबारे खण्डन गर्दै आएको छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाइ गरी बिक्री वितरण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र मागको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०८/१७)

वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र २०८२/८३ को नेपाल परिचय पुस्तक नयाँ संस्करण छपाइका लागि सिलबन्दी दरभाउपत्र माग गरिएको छ ।

क्र.सं.	विवरण	स्थान, समय र मिति
१	सिलबन्दी दरभाउपत्र खरिद गर्ने स्थान, अन्तिम मिति र समय	सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, काठमाडौं, मिति २०८२/०९/०२ गते कार्यालय समयभित्र
२	दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय	मिति २०८२/०९/०३ गते दिउँसो १२:०० बजे सम्म
३	दरभाउपत्र खोल्ने मिति र समय	मिति २०८२/०९/०३ गते दिउँसो २:०० बजे
४	दरभाउपत्र खरिद गर्दा लाग्ने दस्तुर	रु. १०००/- (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी
५	यस विभागबाट दरभाउपत्र स्वीकृत भएपछि सामग्रीहरू छपाइ गरी बिक्री वितरण गर्न न्यूनतम रोयल्टी रकम रु. ८,०३,०००।- (अक्षरुपी आठ लाख तीन हजार रुपैयाँ मात्र) कायम गरिएको छ ।	

नोटः **यसको विस्तृत सूचना तथा प्रसारण विभागको वेभसाइट www.doib.gov.np मा हेर्न सकिने छ ।**

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ,स्याङ्जा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम प्रटक प्रकाशित मिति : २०८२/०८/१७

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमका बोलपत्रदाताको सारभुत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं	कार्यक्रमको विवरण	सूचना प्रकाशित मिति	ठेक्का नं	बोलपत्रदाताको नाम/ठेगाना	बोलपत्रदाताको कबोल (मू.अ.कर सहित)
1	Sampas Sichai Yojana	२०८२/०६/३१	GM/SYA/NCB/ WORKS/01/2082-83	Shreyas Builders, Bhirkot-4, Syangja	Rs. 30,46,835.24/-
2	Tindobate Chitadada Sangliya Maidan Hudai Chapakot Jane Starunnati Sadak Yojana	२०८२/०६/३१	GM/SYA/NCB/ WORKS/02/2082-083	Gejha Kalika Construction, Galyang-3, Syangja	Rs. 43,44,479.60/-
3	Supply and Delivery of Stationary and Miscellaneous items for Galyang Municipality for F/Y 2082-083(2nd time)	२०८२/०७/१९	GM/SYA/SQ/ GOODS/02/2082-083[2nd time]	The Dream Trade and Suppliers, Butwal-7, Rupandehi	Rs. 6,56,054.27/-

प्रमुख प्रशासकीय अधिकृत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व.२०८२/८३ को प्रथम त्रैमासिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) सँग सम्बन्धित विवरण

क. **निकायको स्वरुप र प्रकृति:**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट वैंकिङ्ग कारोबार संचालन गर्न इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंक ।

ख. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. **निकायमा रहने कर्मचारी संस्था र कार्य विवरण :**
हाल बैकमा जम्मा कर्मचारी संख्या ३०५३ रहेका छन् भने बैंकले तोकेको कार्य बैंकमा विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । बैंकको व्यवस्थापन समुह तथा विभागिय प्रमुखहरुको नाम बैंकको वेवसाइट www.nimb.com.np वाट जानकारी लिन सकिनेछ ।

घ. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरु ।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
वैंकिङ्ग सेवा प्रदान गर्ने बैंकको शाखा कार्यालय तथा जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट www.nimb.com.np वाट जानकारी लिन सकिनेछ ।

च. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले वैंकिङ्ग सेवा प्रवाह गरेवापत सोमा लाग्ने शुल्क/दस्तुर तथा अवधिको वारेमा यस बैंकको वेवसाईट www.nimb.com.np अन्तर्गत Standard Tariff and Charges खण्डमा प्रकाशित गरिएको छ । साथै सो को जानकारी यस बैंकको कुनै पनि शाखामा सम्पर्क गरि कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।

छ. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
वैंकिङ्ग कारोवारका सम्वन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था मिलाईएको छ भने प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन ।

ज. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
वैंकिङ्ग कारोवार तथा बैंकले प्रदान गरेको सेवाको सम्वन्धमा ग्राहकहरुको तर्फवाट कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि बैंकले केन्द्रीय स्तरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ भने निजलाई निम्न उल्लेखित माध्यामवाट सम्पर्क गर्न सकिनेछ ।
श्री राजेश शर्मा
नायव महाप्रवन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोवाइन नं ९८५१३२६९०२
इमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np

झ. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गका वाणिज्य बैंकहरुले गर्न सक्ने सम्पूर्ण कारोवारहरु यस बैंकवाट सम्पादन भईरहेको छ ।

ञ. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
वैंकिङ्ग कारोवार तथा बैंकले प्रदान गरेको सेवा लगायत बैंकसँग सम्वन्धित कुनै पनि सूचना प्रदान गर्नको लागि निम्न उल्लेखित अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।
श्री राजेश शर्मा
नायव महाप्रवन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोवाइन नं ९८५१३२६९०१
इमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np
साथै, यस बैंकका शाखा कार्यालयहरुको हकमा सम्वन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी जिम्वेवारी तोकिएको छ ।
प्रमुखको नाम र पद : श्री ज्योती प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत

ट. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
वैंकिङ्ग कारोवार संचालनको क्रममा बैंकले हाल प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ भने देहाय वमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्ग कारोवार संचालनको लागि प्रमुख रुपमा रहेका छन् ।
१. वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र वैंक ऐन, २०५८
३. वैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. वैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्वन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. सूचनाको हक सम्वन्धि ऐन २०६४
१४.प्रचलित नेपाल कानून र उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियमहरु, विनियमहरु तथा संशोधनहरु
१५. नेपाल राष्ट्र वैंकवाट जारी गरिएको एकिकृत निर्देशिका तथा परिपत्रहरु ।
१६. नेपाल राष्ट्र वैंकवाट स्वीकृत गरिएको यस वैंकका विभीन्न विनियमहरु ।
१७. वैंकिङ्ग कारोवारका क्रममा पालना गरिएको/गरिनुपर्ने अन्य प्रचलित नेपाल कानूनहरु ।

ठ. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
वैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ भने वैंकको वेवसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

ड. **तोकिए बमोजिमका अन्य विवरण :**
नियमानुसार तोकिए वमोजिमको अन्य विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै वैंकको वेवसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ सँग सम्बन्धित विवरण

क. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**
यस वैंकले वैंकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ख. **सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण :**
यस वैंकको वेवसाईट www.nimb.com.np रहेको छ ।

ख (१). **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
वैंकले व्यवसायिक प्रयोजनको लागि वाहेक अन्य कुनै पनि किसिमको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन ।

ख (२). **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**
यस वैंकले वैंकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आएको र वैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभीन्न कार्यक्रम सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ ।

ख (३). **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको । सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको छ ।

ख (४). **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण :**
यस अवधिमा सूचनाको हक सम्वन्धी अधिकार प्रयोग गरि विभिन्न प्रयोजनको लागि भनि सूचना तथा जानकारी माग भई आएको तथा सो सम्वन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सो विषय सम्बोधन गरिएको छ ।

ग. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई वैंकको वेवसाईट www.nimb.com.np मा समेत प्रकाशन गरिएको छ । साथै वैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी वैंकको वेवसाईटमा समेत अद्यावधिक गर्दै आएको छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं
फोन नं.: ५३४२५३०, ५३२८२२९
इमेल :- info@nimb.com.np
वेवसाइटः www.nimb.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १७ मंसिर ०८२

पुनर्बिमा कम्पनीको चुक्ता पुँजी २० अर्ब पुऱ्याउने निर्णयबाट पछि हट्यो प्राधिकरण

पुनर्बिमा कम्पनीलाई पुँजी बढाउन दिएको अल्टिमेटम माघमा सकिँदै थियो, त्यसअघि पुँजीवृद्धिको प्रक्रिया स्थगित

मिलन विश्वकर्मा/ नयाँ पत्रिका

पुनर्बिमा कम्पनीहरूको न्यूनतम चुक्ता पुँजी २० अर्ब पुऱ्याउनुपर्ने निर्णयबाट नेपाल बिमा प्राधिकरण पछि हटेको छ। सञ्चालन रहेका दुई पुनर्बिमा कम्पनी नेपाल रि इन्स्योरेन्स र हिमालयन रि इन्स्योरेन्सलाई न्यूनतम २० अर्ब चुक्ता पुँजी कायम गर्न दिएको अल्टिमेटम यही माघ मसान्तमा सकिँदै थियो। तर, प्राधिकरणले गत कात्तिकमै दुवै कम्पनीलाई पत्राचार गरेर चुक्ता पुँजी बढाउनुनपर्ने भनेको खुलेको छ। योसँगै हाललाई पुनर्बिमा कम्पनीमा १० अर्बबराबरको न्यूनतम चुक्ता पुँजी कायम भए पुग्ने भएको छ। हाल हिमालयन रि इन्स्योरेन्सको १० अर्ब ८६ करोड ८० लाख र नेपाल रि इन्स्योरेन्सको १३ अर्ब ४२ करोड २१ लाख चुक्ता पुँजी छ।

प्राधिकरणका एक उच्च अधिकारीले पुनर्बिमा कम्पनीको पुँजी बढाउने योजना तत्काललाई रोकिएको बताए। 'मुख्यतः जेन-जी आन्दोलनपछिको अवस्थालाई देखाउँदै अर्थ मन्त्रालयले तत्काल पुनबिमा कम्पनीको पुँजी नबढाउनु भनेर निर्देशन दिएको थियो,' स्रोतले भन्यो, 'सोहीअनुसार दुवै कम्पनीलाई अहिले पुँजी बढाउनुनपर्ने भन्दै पत्र पठाएका छौं।'

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले तत्काल सेयर लगानी नगर्ने नीति ल्याएको छ। त्यसपछि सरकारी स्वामित्वको नेपाल रि इन्स्योरेन्समा सेयर थप गर्ने प्रक्रिया स्वतः अन्योलमा परेको थियो। सरकारी स्वामित्व कम्पनीले छुट पाउने र निजी क्षेत्रलाई पुँजी बढाउन दबाब हुने भएपछि दुवै कम्पनीलाई पुँजी बढाउनुनपर्ने भन्दै पत्राचार गरिएको स्रोतको भनाइ छ।

प्राधिकरणका निर्देशक शाम्भराज लामिछानेले सरकारले अविलम्बन गरेको आर्थिक मितव्ययिताका कारण नेपाल रिलाई तत्काल पुँजी बढाउनुनपर्ने भएको बताए। 'जेन-जी आन्दोलनको क्षतिका कारण सरकारले तत्काल सेयर लगानी नगर्ने भनेको छ। नेपाल रिमा सरकारले सेयर लगानी नगर्नुपर्ने थियो। तर, सरकारले तत्काल सेयर लगानी नगर्ने भनेपछि त्यो स्वतः प्रभावित भयो। सोहीअनुसार नेपाल रिलाई पत्राचार गरिएको छ,' उनले भने, 'हिमालयन रि इन्स्योरेन्सको विषयमा भने म जानकार छैन।'

यसअघि पुनर्बिमा कम्पनीको न्यूनतम चुक्ता पुँजी १० अर्ब हुनुपर्ने व्यवस्था थियो। १७ माघ ०८० मा प्राधिकरणको सञ्चालक समितिले पुनर्बिमा कम्पनीको न्यूनतम चुक्ता पुँजी २० अर्ब पुऱ्याउने निर्णय गरेको थियो। साथै, कम्पनीलाई १५ दिनभित्र पुँजीवृद्धि योजना पेस गरेर एक वर्षभित्र न्यूनतम २० अर्ब रुपैयाँ पुँजी कायम गर्न निर्देशन दिइएको थियो। अर्थात्, रि इन्स्योरेन्स कम्पनीहरूले माघ ०८१ भित्रै तोकिएअनुसार पुँजी कायम गर्नुपर्ने थियो।

त्यसपछि हिमालयन रिले ८० प्रतिशत हकप्रद जारी गर्ने र बाँकी पुँजी बोनस सेयरमार्फत पूरा गर्ने गरी पुँजीवृद्धिको योजना पेस गरेको थियो। त्यसमा प्राधिकरणले पनि सैद्धान्तिक सहमति दिइसकेको थियो। ४४.०४ प्रतिशत सरकारी स्वामित्व भएको नेपाल रिले भने लामो समयसम्म पुँजीवृद्धिको योजना नै पेस गर्न सकेन।

पहिलो म्यादमा दुवै कम्पनीले पुँजी बढाउन सकेनन्। त्यसपछि प्राधिकरणले एक वर्ष म्याद थप गरिदिएको थियो। त्योअनुसार आगामी माघ मसान्तभित्र दुवै कम्पनीले न्यूनतम २० अर्ब रुपैयाँको चुक्ता पुँजी कायम गर्नुपर्ने थियो। यता सरकारी स्वामित्वको नेपाल रिले भने १३ साउनमा मात्रै शतप्रतिशत हकप्रद सेयर जारी गरेर पुँजी बढाउने निर्णय गरेको थियो।



यद्यपि, नेपाल रिले हकप्रद सेयर जारी गर्ने निर्णय विवादमा थियो। त्यो दरमा हकप्रद जारी गर्दा सरकारले ४४.०४ प्रतिशतको अनुपातमा पाँच अर्ब ९१ करोड रुपैयाँ लगानी गर्नुपर्ने थियो। तर, चालू आवको बजेटमा संस्थानमा सेयर लगानी गर्न सरकारले ५७ करोड ७० लाख मात्रै छुट्याइएको थियो। त्यो अवस्थामा हकप्रद निष्कासनमा सरकारले खरिद गर्नुपर्ने सेयर बजेट अभावका कारण अन्योलमा पर्ने थियो। साथै, निजी क्षेत्रको हातमा समेत जान सक्ने थियो। त्यो अवस्थामा कम्पनीमा सरकारको सेयर हिस्सा घट्ने थियो। यी यस्ता प्रगति र विवादबिच पुनर्बिमा कम्पनीको पुँजीवृद्धि गर्ने योजनाबाट सरकार पछि हटेको हो।

नेपाली बिमा कम्पनीहरूले अनिवार्य रूपमा ३० प्रतिशतको अनुपातमा स्वदेशी रि इन्स्योरेन्समा नै पुनर्बिमा गर्नुपर्छ। अहिले बिमा कम्पनीहरूको व्यवसायको आकार र सम्भावित जोखिम बढ्दै गएपछि रि-इन्स्योरेन्स कम्पनीमा जोखिम तथा दायित्व बढ्दै गएको छ। त्यसले गर्दा पनि पुनर्बिमा कम्पनीको चुक्ता पुँजी बढाउन दबाब सिर्जना भएको थियो। सोहीअनुसार पुँजी बढाउने निर्णय गरिएपछि सरकार तथा प्राधिकरण त्यसबाट पछि हटेको हो।

दुई जीवन र चार निर्जीवन बिमा कम्पनीको पुँजी पुग्न बाँकी

दुई जीवन र चार निर्जीवन बिमा कम्पनीले भने अझै न्यूनतम चुक्ता पुँजी कायम गर्न सकेको छैन। प्राधिकरणले चैत ०७८ मा जीवन बिमा कम्पनीलाई दुई अर्ब रुपैयाँबाट पाँच अर्ब र निर्जीवन बिमा कम्पनीलाई एक अर्बबाट दुई अर्ब ५० करोड चुक्ता पुँजी पुऱ्याउन निर्देशन दिएको थियो। हाल नेपालमा १४-१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी छन्। त्यसमा दुई जीवन बिमा कम्पनीले अझै पाँच अर्ब रुपैयाँ पुँजी काम गरेका छैनन्। प्राधिकरणका अनुसार राष्ट्रिय जीवन बिमा कम्पनीको १८ करोड १० लाख मात्रै पुँजी छ। यसैगरी, एसियन लाइफको भने चार अर्ब ८२ करोड ७७ लाख रुपैयाँ पुँजी छ। अन्य कम्पनीको पुँजी भने पाँच अर्ब रुपैयाँभन्दा माथि छ।

यस्तै, निर्जीवन बिमा कम्पनीतर्फ चारवटाको पुँजी पुगेको छैन। त्यसमा युनाइटेड अजोडको दुई अर्ब ३१ करोड रुपैयाँ, प्रभु इन्स्योरेन्सको एक अर्ब ७० करोड नौ लाख, राष्ट्रिय बिमा कम्पनीको २६ करोड ६६ लाख रुपैयाँ र सानिमा जिआइसीको दुई अर्ब १५ करोड रुपैयाँ चुक्ता पुँजी छ।

बजेट कार्यान्वयनको समग्र प्रगति कमजोर

अर्थतन्त्रसम्बन्धी बजेटका ७४ बुँदामध्ये ३८ को कार्यान्वयन शून्य



नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो त्रैमासमा बजेट कार्यान्वयनको समग्र प्रगति निराशाजनक देखिएको छ। बजेटले घोषणा गरेका कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति कमजोर देखिएको नेपाल उद्योग परिसंघले गरेको अध्ययनले देखाएको हो। अध्ययनले बजेटमा समेटिएका अर्थतन्त्रसम्बन्धी ७४ बुँदामध्ये ५१ प्रतिशतको कार्यान्वयन शून्य देखाएको छ। जम्मा २.४ प्रतिशत बुँदा मात्रै पूर्ण कार्यान्वयनमा गएको छ। बजेटका अर्थतन्त्रसँग सम्बन्धित ७४ बुँदामध्ये ४६ प्रतिशतमा आंशिक प्रगति मात्रै देखिएको हो।

परिसंघले मंगलबार 'बजेट वाच' प्रतिवेदनमार्फत पहिलो त्रैमासको बजेट कार्यान्वयनको अवस्था सार्वजनिक गरेको हो। कुल ७४ बुँदामध्ये ३८ बुँदाको कार्यान्वयन शून्य देखिएको छ। अर्थात्, बजेटमा समेटिएका अर्थतन्त्रसम्बन्धी ३८ वटा बुँदाको काम नै सुरु भएको छैन। अघिल्लो सरकारले ल्याएको बजेट वर्तमान सरकारले अपनत्व नै नलिएको तथा घोषणामा मात्र सीमित देखिएको परिसंघको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, बजेटमा समेटिएका अर्थतन्त्रसँग सम्बन्धित ३४ बुँदामा आंशिक कार्यान्वयन भएको छ। अर्थात्, यी बुँदामा उल्लेख भएका कार्यक्रम तथा आयोजना अघि बढाउन बैठक बसेका, छलफल अघि बढेका तथा कानुन कार्यविधि बनेका छन्। यद्यपि, यी बुँदामा पनि ठोस काम भने भएको देखिँदैन। जम्मा दुईवटा बुँदामा समेटिएका कार्यक्रम तथा आयोजना मात्रै पूर्ण कार्यान्वयनमा गएको परिसंघले जनाएको छ।

जेन-जी आन्दोलन र नयाँ सरकारको फरक म्यान्डेट र प्राथमिकताको असर बजेट कार्यान्वयनमा परेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, तयारीविनाका, खुद्रे र कम प्राथमिकताका आयोजनाहरूको बजेट कटौती र केही कार्यक्रममा अन्योल कायमै रहनुले पनि बजेट कार्यान्वयन प्रभावित भएको परिसंघले औंल्याएको छ। यद्यपि, नीतिगत सुधारको प्रयास हुँदै गएकाले आगामी त्रैमासमा सकारात्मक प्रभावको अपेक्षा गर्न सकिने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

बजेट वाच सार्वजनिक कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेटले महत्त्वपूर्ण लक्ष्य राख्ने, तर कार्यान्वयन भने कमजोर रहने गरेको अनुभव सबैले महसुस गरेको उनले बताए। यसैलाई ध्यानमा राखेर बजेट कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा परिसंघले बजेट वाच पहल अगाडि बढाएको उनले बताए।

'बजेटको सफल कार्यान्वयनले नै पुँजीगत खर्च बढ्ने, बजेटले निर्दिष्ट गरेको लक्ष्य हासिल हुने, नीतिगत सुधार हुँदै समग्र अर्थतन्त्रको विकास तथा विस्तार हुन्छ। त्यसैले बजेटको सफल एवं प्रभावकारी कार्यान्वयन अति महत्त्वपूर्ण छ,' उनले भने, 'बजेटमा निजी क्षेत्रले दिएका नीतिगत सुझाव समावेश हुने गरेको भए पनि बजेट कार्यान्वयन ज्यादै कमजोर हुन्छ, त्यसले हामीलाई निराश बनाउँछ।' औद्योगिक विकासका सम्बन्धमा बजेटमा बोलिएका विषयहरूको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनले बताए।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म : जय गुरुदेव कृषि तथा पशुपालन फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : रंजु देवी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा सा.फ./प्रा.फ.न.घ.उ.सि. ११३३६/०७७/०७८, दर्ता मिति २०७७/०७/०३, ठेगाना: जिल्ला सिरहा, गौताडी गा.वि.स. वडा नं. ९ (हाल कर्जन्हा न.पा. वडा नं. ८)
२)	**ऋणी : ठंक प्रसाद सुवेदी** स्थायी ठेगाना : मोरङ जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ९, हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ५, बाबु : परशुराम सुबेदी, बाजे : नन्दलाल सुबेदी
३)	**ऋणी फर्म : सन्ध्या फैन्सी स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : नृपराज ताम्राकार** दर्ता नं.: वाणिज्य विभाग, मंगलसेन नगर कार्यपलिका, उद्योग विकास शाखा, अछाममा प्रा.फ.नं. २२२५/०७४/०७५, मिति २०७४/०४/१५, ठेगाना : जिल्ला अछाम, सौफेबगर न.पा. वडा नं. ३
४)	**ऋणी : चेतमान कुँवर** ठेगाना : अछाम जिल्ला, सौफेबगर न.पा. वडा नं. ४, बाबु : खडक सिंह कुँवर, बाजे : पदम सिह कुँवर
५)	**१) ऋणी फर्म : भेडेटार भिलेज रिसोर्ट, प्रोप्राईटर तथा जमानीकर्ता : जितेन्द्र राई** दर्ता नं.: उद्योग विकास शाखा, धनकुटामा, प्रा.फ.नं.घ.उ.वि. ४६३८/०७४/०७५ अर्न्तगत मिति: २०७४/०४/१६, ठेगाना : जिल्ला धनकुटा, सांगुरीगढी गा.पा. वडा नं. ६ **२) ऋणी : जितेन्द्र राई** स्थायी ठेगाना : ओखलढुङ्गा जिल्ला, मोली गा.वि.स. वडा नं. ३, हालको ठेगाना : धनकुटा जिल्ला, सांगुरीगढी गा.पा. वडा नं. ६, बाबु : हेम राज राई (रुम्दाली), बाजे : मनिलाल राई **३) ऋणी : पदमिनि राई** स्थायी ठेगाना : ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा. वडा नं. १, हालको ठेगाना : धनकुटा जिल्ला, सांगुरीगढी गा.पा. वडा नं. ६, बाबु : बिष्णु कुमार राई, ससुरा : हेम राज राई (रुम्दाली), पति : जितेन्द्र राई **४) ऋणी फर्म : थुम्की क्याफे, प्रोप्राईटर तथा जमानीकर्ता : जितेन्द्र राई** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कोशी प्रदेश धनकुटामा, उद्योग दर्ता नं. घ-९३०२/०८०/०८१ अर्न्तगत मिति: २०८१/०३/२७, ठेगाना : जिल्ला धनकुटा, सांगुरीगढी गा.पा. वडा नं. ६ **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **५) ऋणी : अन्वर बहादुर राई** स्थायी ठेगाना : ओखलढुङ्गा जिल्ला, भेडेटार गा.वि.स. वडा नं. ५, हालको ठेगाना : धनकुटा जिल्ला, सांगुरीगढी गा.पा. वडा नं. ६, बाबु : पुर्ण बहादुर राई, बाजे : नरसिंह ध्वज राई **जमानीकर्ता : पदमिनि राई**, स्थायी ठेगाना : ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा. वडा नं. १, हालको ठेगाना : धनकुटा जिल्ला, सांगुरीगढी गा.पा. वडा नं. ६, बाबु : बिष्णु कुमार राई, ससुरा : हेम राज राई (रुम्दाली), पति : जितेन्द्र राई
६)	**ऋणी फर्म : ओम नेशीनरी पार्टस, प्रोप्राईटर तथा जमानीकर्ता : अमर प्रसाद जयसवाल** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. : ५३०४/५१, दर्ता मिति: २०७४/०४/१६, ठेगाना : जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. ५
७)	**ऋणी कम्पनी : रचना हाउजिङ्ग एण्ड ल्याण्ड डेभलप प्रा.लि., संचालक तथा जमानीकर्ता : दिनेश खड्का** दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. ३६३०८/०६२/०६३, दर्ता मिति: २०६२/०५/२८, ठेगाना : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २९

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

पर्यटन बोर्ड र नेपाल एयरलाइन्सबिच समझदारी

काठमाडौं/ नेपालका पर्यटन उत्पादनहरूको अन्तर्राष्ट्रिय बजारमा संयुक्त प्रवर्द्धन गर्न पर्यटन बोर्ड (एनटिबी) र नेपाल वायुसेवा निगम (एनएसी)बिच सहकार्य गर्ने समझदारी भएको छ। दुवै संस्थाले विश्वभरका पर्यटन मेलादेखि डिजिटल क्याम्पेन, फ्याम ट्रिप, संयुक्त प्रचारप्रसार, मेगा इभेन्ट तथा ब्रान्डिडसम्मका गतिविधि सहकार्यका आधारमा सञ्चालन गर्ने सहमति जनाएका छन्। समझदारीपत्रअनुसार बोर्डले विदेशी पर्यटन मेलाहरू, सेल्स मिसन, रोड सो, पत्रकार सम्मेलन, फ्याम ट्रिपलगायत सबै प्रमुख प्रवर्द्धनात्मक कार्यक्रमहरूमा नेपाल एयरलाइन्सलाई 'पार्टनर एयरलाइन'का रूपमा निःशुल्क सहभागिता प्रदान गर्नेछ। निगमले पनि आफ्ना उडान गन्तव्यहरूमा एक सय किलोसम्मका प्रवर्द्धन सामग्री निःशुल्क लैजान दिने, संयुक्त कार्यक्रमका लागि उपहार टिकट उपलब्ध गराउने सुविधा प्रदान गर्ने व्यवस्था मिलाएको छ।

समझदारीपत्रमा हस्ताक्षरपछि नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले सहकार्यलाई नेपालको अन्तर्राष्ट्रिय छवि तथा बजार पहुँच विस्तारका लागि ऐतिहासिक कदमका रूपमा व्याख्या गरेका छन्। दुवै संस्थाबिचको यो रणनीतिक साझेदारीले 'नेपाली ब्रान्ड'लाई विश्वभर उच्चतम प्रचार र प्रवर्द्धन गर्न टेवा पुग्ने उनले बताए।

सेबोनले खोल्यो रिलायन्सको अवरुद्ध आइपिओ प्रक्रिया

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले रिलायन्स स्पिनिङ मिल्सलाई अवरुद्ध रहेको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) प्रक्रिया सुरु गर्न अनुमति दिएको छ। बोर्डले मंगलबार उच्च अदालत पाटनको परमादेशको आदेशलाई कार्यान्वयन गर्दै आइपिओ निष्कासन प्रक्रिया सुरु गर्न अनुमति दिएको हो।

धितोपत्र बोर्डले मंगलबार निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई दिएको पत्रमा भनिएको छ, 'उच्च अदालत पाटनबाट मिति ०८१ असार १२ मा भएको स्वीकृतिबमोजिम निवेदक कम्पनीको सेयर निष्कासन सम्बन्धमा कानुनबमोजिम आवश्यक निकासा दिनु भनी परमादेशको आदेश जारी भएअनुसार उक्त कम्पनीको सार्वजनिक निष्कासनसम्बन्धी प्रक्रिया अगाडि बढाउनुहुन जानकारी गराइन्छ।'
स्वीकृतिसँगै अब रिलायन्सको सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत हुने प्रक्रिया सुरु भएको छ। रिलायन्सले एक वर्षअघि नै प्रतिकित्ता ८२०.८० रुपैयाँका दरले सर्वसाधारणलाई प्राथमिक सेयर निष्कासन गर्ने प्रक्रिया सुरु गरेको थियो। संस्थागत लगानीकर्ताले प्रतिकित्ता नौ सय १२ रुपैयाँका दरले आइपिओ किनिसकेका छन्। रिलायन्स स्पिनिङ मिल्स अग्रणी औद्योगिक घराना गोल्यान ग्रुपको अभिन्न अंग हो।

विद्युत् प्राधिकरणको नाफा २५.८% घट्यो

तीन महिनामा ६ अर्ब ७६ करोडमा सीमित

नयाँ पत्रिका

शतप्रतिशत सरकारी स्वामित्व रहेको नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमासमा ६ अर्ब ७६ करोड १६ लाख रुपैयाँ नाफा कमाएको छ। प्राधिकरणको पहिलो त्रैमासिक अपरिष्कृत वित्तीय विवरणले करअघिको नाफा सोबराबरको देखाएको हो।



समीक्षा अवधिमा प्राधिकरणले ४६ अर्ब एक करोड ६७ लाख रुपैयाँ आम्दानी र ३९ अर्ब २५ करोड ५० लाख रुपैयाँ खर्च देखाएको छ। प्राधिकरणको यो नाफा गत आवको सोही अवधिको तुलनामा २५.८ प्रतिशतले कम हो। गत आवको यसै अवधिमा प्राधिकरणको नाफा नौ अर्ब ११ करोड ३२ लाख रुपैयाँ थियो। गत आवको अन्त्यसम्म आउँदा भने त्यो घटेर नौ अर्ब ६ करोड ७० लाख रुपैयाँमा सीमित भएको थियो। यसको अन्तिम लेखा परीक्षण भने बाँकी छ।

धेरै नाफा कमाउने सार्वजनिक संस्थानमध्ये प्राधिकरण पनि एक हो। प्राधिकरणले धेरै नाफा कमाउने समय नै यही हो। बर्खाका कारण यो समयमा पूर्ण क्षमतामा विद्युत् उत्पादन हुन्छ, जसको खरिद मूल्य पनि सस्तो हुन्छ। साथै, यो वेला भारतमा पनि विद्युत् निर्यात गरिन्छ। त्यसकारण यस समयमा प्राधिकरणले नाफा बढाउन सक्छ। तर, यसपालि घटेको छ। हिउँद लागेसँगै परियोजनाबाट विद्युत् उत्पादन घट्छ। जसको खरिद दर पनि महँगो हुन्छ। यसैगरी आन्तरिक माग धान्न भारतबाट अर्बौं रुपैयाँको विद्युत् आयात गर्नुपर्छ। त्यो हुँदा हिउँदमा प्राधिकरणले नाफा बढाउन सक्दैन। उल्टै आम्दानीभन्दा खर्च बढी हुन्छ। सामान्यतः जेठ-असारदेखि कात्तिकसम्मको नाफाबाट अन्य समयको खर्च धान्नुपर्ने स्थिति हुन्छ।

बढाउने समयमै नाफा घटेपछि हिउँदको समयमा प्राधिकरणको नाफालाई सन्तुलित राख्न चुनौती हुने देखिन्छ। आगामी जेठबाट भने विद्युत् उत्पादन बढ्छ। पुनः विद्युत् निर्यात सुरु हुन्छ। त्योअनुसार चौथो त्रैमासमा प्राधिकरणले नाफा बढाउने अवसर पाउन सक्छ। प्राधिकरणले खरिद गर्ने विद्युत्को मूल्य पनि बर्खामा प्रतियुनिट ४.८० रुपैयाँ र हिउँदका लागि ८.४० रुपैयाँ तोकिएको छ। हिउँदमा भारतबाट खरिद गरिने विद्युत्को लागत पनि उच्च हुन्छ। तर, बिक्री गरिने दरेरेट स्थिर नै हुन्छ। त्यसले गर्दा हिउँदमा प्राधिकरणलाई नाफा बढाउन चुनौती नै हुन्छ।

समीक्षा अवधिमा प्राधिकरणको आम्दानी बढ्दा पनि नाफा घटेको हो। गत आवको यसै अवधिमा प्राधिकरणको आम्दानी ४१ अर्ब ८० करोड ६८ लाख रुपैयाँ थियो। चालू आवको पहिलो त्रैमासमा प्राधिकरणको आम्दानी ४६ अर्ब एक करोड ६७ लाख रुपैयाँ छ।

समीक्षा अवधिमा आम्दानीसँगै खर्च पनि बढेको छ। गत आवको पहिलो त्रैमासमा प्राधिकरणको खर्च ३२ अर्ब ६९ करोड ३६ लाख रुपैयाँ थियो। चालू आवको पहिलो त्रैमासमा प्राधिकरणको खर्च ३९ अर्ब २५ करोड ५० लाख रुपैयाँ छ।

किन घट्यो नाफा ?

समीक्षा अवधिमा विद्युत् खरिदमा प्राधिकरणको खर्च बढेको देखिन्छ। गत आवको पहिलो त्रैमासमा प्राधिकरणले निजी क्षेत्र तथा सहायक कम्पनीका परियोजनाबाट २१ अर्ब नौ करोड १७ लाख रुपैयाँको विद्युत् खरिद गरेको थियो। चालू आवको पहिलो त्रैमासमा भने विद्युत् खरिदमा २५ अर्ब तीन करोड रुपैयाँ खर्च भएको छ। यसरी विद्युत् खरिदमा खर्च बढ्दा नाफा घटेको प्राधिकरणका एक अधिकारीले बताए।

यद्यपि, समीक्षा अवधिमा विद्युत् बिक्री आम्दानी पनि बढेको छ। गत आवमा प्राधिकरणले विद्युत् बिक्री गरेर २६ अर्ब ७७ करोड ६६ लाख कमाएको थियो। यसपालि भने २९ अर्ब १४ करोड ७८ लाख रुपैयाँ आम्दानी भएको छ।

यस्तै, समीक्षा अवधिमा कर्मचारी खर्चका लागि प्रोभिजनिङ बढाइएको प्राधिकरणका लेखा विभागका एक अधिकारीले बताए। 'अडिटरकै सिफारिसअनुसार यो वर्ष कर्मचारी खर्चका लागि प्रोभिजनिङ बढाएका छौं। त्यसले गर्दा पनि नाफा बढ्न सकेन,' स्रोतले भन्यो।

नबिल बैंकको अन्तर्राष्ट्रिय भुक्तानी सेवा २७ शाखामा विस्तार

काठमाडौं/ नबिल बैंक लिमिटेडले देशभरका विभिन्न २७ वटा शाखामा अन्तर्राष्ट्रिय भुक्तानी सेवा विस्तार गरेको छ। यसअघि बैंकको केन्द्रीय कार्यालयसहित सीमित शाखामा उपलब्ध यो सेवा अब अन्य शाखामा पनि विस्तार हुन लागेको बैंकले जनाएको छ।

'बैंकको यो सेवा यसअघि तीनधारास्थित केन्द्रीय कार्यालयसहित पुतलीसडक, महाराजगन्ज, विराटनगर र पोखरास्थित शाखा कार्यालयमा मात्रै उपलब्ध थियो, अब भने काठमाडौं उपत्यकाका १७ सहित २७ शाखामा सेवा विस्तार गर्न लागिएको छ,' बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईंले बताए। बैंकका अनुसार यो सेवा अब उपत्यकाभित्रका तीनधारा, पुतलीसडक, महाराजगन्ज, भाटभटेनी,



कुलेश्वर, ठमेल, त्रिपुरेश्वर, बिजुलीबजार, मैतीदेवी, हलचोक, सातदोबाटो, कौशलटार, बानेश्वर, गुंसिगाल, कोटेश्वर, भैंसेपाटी, जोरपाटीस्थित शाखामा उपलब्ध हुनेछ। साथै, उपत्यकाबाहिर इटहरी, वीरगन्ज, बिर्तामोड, हेटौंडा, बुटवल, भैरहवा, नारायणगढ, नेपालगन्ज, विराटनगर र पोखरास्थित बैंकका शाखा कार्यालयमा यो सेवा उपलब्ध हुने बताइएको छ।

बैंकको डिजिटल सेवा तथा अन्तर्राष्ट्रिय बैंकिङ पहुँचलाई थप सुदृढ बनाउनका लागि सेवा विस्तार गरिएको डिसिइओ बजगाईंले जानकारी दिए। नबिल अनलाइन पेमेन्ट सेवामार्फत ग्राहकले सहज र सुरक्षित ढंगले अन्तर्राष्ट्रिय रूपमा भुक्तानी गर्न सक्नेछन्। जसमा भिसा आवदेन शुल्क, विश्वविद्यालय वा कलेजको आवेदन शुल्क, बिमा तथा एसिसिए भुक्तानीका साथै शैक्षिक तथा व्यापारिक सम्मेलनको पनि भुक्तानी गर्न सकिने बैंकको भनाइ छ। बैंकका अनुसार यो सेवा लिने ग्राहकले छुट्टै अन्तर्राष्ट्रिय कार्ड राख्नुपर्दैन।

लक्ष्मी सनराइज बैंकको 'डिजिटल डिसेम्बर' अभियान सुरु

काठमाडौं/ लक्ष्मी सनराइज बैंकको 'डिजिटल डिसेम्बर-२०२५' सुरु भएको छ। डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने वार्षिक अभियानको सातौं संस्करण 'इम्पावरिङ इन्टरप्राइजेज'को नारासहित देशव्यापी रूपमा उद्यम डिजिटलाइजेसनमा केन्द्रित रहने बैंकले जनाएको छ।



डिसेम्बर महिनाभर चल्ने अभियानमा बैंकका डिजिटल प्लाटफर्मलाई देशभरका व्यवसायको कारोबारका लागि प्राथमिक च्यानलका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बताइएको छ। अघिल्ला वर्षका उपभोक्ताकेन्द्रित अभियानबाट यस वर्ष उद्यमकेन्द्रित डिजिटल रूपान्तरणतर्फ महत्त्वपूर्ण फड्को मारेको बैंकले जनाएको छ।

यो अभियानले घरेलु, साना तथा मझौला उद्यम, कर्पोरेट संघ-संस्था तथा प्रतिष्ठान, खुद्रा तथा थोक विक्रेता, आइटी, वित्त, स्वास्थ्य सेवा, शिक्षा र आतिथ्यलगायतका सबै क्षेत्रका उद्यमलाई समावेश गर्ने बताइएको छ। उद्यमीहरूलाई डिजिटल बैंकिङका माध्यमबाट सक्रिय बनाउँदै उच्च मूल्यको नगद तथा चेक कारोबारलाई डिजिटल च्यानलमा रूपान्तरणा गर्ने र एपिआई तथा होस्ट-टु-होस्ट कनेक्टिभिटीमार्फत ग्राहकको प्रणालीबाट सीधै भुक्तानी गर्न मिल्ने माध्यम सहजीकरण गर्ने विषयमा केन्द्रित बैंकको भनाइ छ।

यसअन्तर्गत बैंकले ई-कमर्स व्यवसायका लागि निर्बाध भिसा र मास्टरकार्डमार्फत भुक्तानी प्राप्त गर्ने माध्यम, कर्पोरेट संघ-संस्थाका कर्मचारीलाई अन कार्ड-भर्चुअल क्रेडिट कार्ड र भिसा क्रेडिट कार्डको प्रवर्द्धन गरिनेछ।

एनआइसीले नेपाल पे कार्ड जारी गर्ने, एनसिएचएलसँग सम्झौता



काठमाडौं/ एनआइसी एसिया बैंक र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच रणनीतिक सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी (सिइओ) अधिकृत सुजितकुमार शाक्य र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।

यससँगै बैंकले एनसिएचएलद्वारा सञ्चालित स्वदेशी कार्ड योजनाअन्तर्गतको नेपाल पे कार्ड जारी गर्नेछ। यस सम्झौताले बैंकलाई नेपालको राष्ट्रिय भुक्तानी स्विचमा पूर्ण रूपमा एकीकृत हुन मद्दत गर्नुका साथै स्वदेशी कार्डका रूपमा परिचित नेपाल पे कार्ड जारी गर्न बाटो खुलाउनेछ।

समृद्धि फाइनान्सको वित्तीय साक्षरता




काठमाडौं/ समृद्धि फाइनान्स लिमिटेड, पोखरा शाखाले हिमाल कलेज अफ म्यानेजमेन्ट वित्तीय साक्षरता कार्यक्रम गरेको छ। मध्यवर्ती स्तर र बिबिए प्रथम सेमेस्टरका विद्यार्थीलाई लक्षित गरी आयोजित उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था (बिएफआई)सम्बन्धी जानकारी प्रदान गरिएको थियो।

कार्यक्रम फाइनान्सका शाखा प्रबन्धक दीपककुमार श्रेष्ठको नेतृत्वमा भएको थियो। कार्यक्रममा बिएफआईको कार्यक्षेत्र, रोजगारीका अवसर, बैंक वर्गीकरण तथा सहकारीबिचको भिन्नताजस्ता विषयमा विद्यार्थीलाई विस्तृत जानकारी प्रदान गरिएको बताइएको छ। सहभागी विद्यार्थीले कार्यक्रम जानकारीमूलक र उपयोगी रहेको प्रतिक्रिया दिए। फाइनान्सले आगामी दिनहरूमा पनि यस्ता वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

सामसङका टिभीमा ३३% सम्म छुट

काठमाडौं/ सामसङ नेपालले नेपाल प्रिमियर लिग (एनपिएल) सिजनलाई लक्षित गर्दै विभिन्न टेलिभिजनमा आकर्षक छुट तथा एक्सचेन्ज बोनस अफर घोषणा गरेको छ। योजनाअन्तर्गत प्रिमियम क्युएलइडी टिभीदेखि एचडी टिभीका मोडेलमा ३३ प्रतिशतसम्म क्यासब्याकका साथै सात हजार रुपैयाँसम्म एक्सचेन्ज बोनस पनि रहेको कम्पनीले जनाएको छ। योजना डिसेम्बर ३१ सम्म लागू हुनेछ।

८५ इन्चसम्मको स्क्रिन, अत्याधुनिक तस्बिर गुणस्तर र उन्नत स्मार्ट सुविधासहित उपलब्ध टिभीमा खेलकुद घरमै रंगशालाजस्तो अनुभूति दिलाउने कम्पनीको दाबी छ। विशेष गरी सामसङका नवीनतम एआई टिभी लाइनअप क्युएलइडी र युएचडीमा प्रयोगकर्ताको हेर्ने



अनुभवलाई अझै उन्नत बनाउने कम्पनीको दाबी छ।

कम्पनीका अनुसार ग्राहकले क्युएलइडी श्रेणीका ५५ देखि ८५ इन्चसम्मका मोडेलमा अधिकतम १९ प्रतिशतसम्म छुट र सात हजार रुपैयाँसम्म सटही बोनस, युएचडी श्रेणीका ४३ देखि ८५ इन्चसम्मका मोडेलमा २१ प्रतिशतसम्म छुट तथा चार हजार रुपैयाँसम्म सटही बोनस प्राप्त गर्नेछन्। त्यस्तै, एफएचडी ४३ इन्चका मोडेलमा ३३ प्रतिशतसम्म र एचडी ३२ इन्चका मोडेलमा २१ प्रतिशतसम्म छुट उपलब्ध हुने कम्पनीले जनाएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/७८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
२.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
३.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
४.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
५.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
६.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
७.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
८.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
९.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
१०.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
११.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
१२.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
१३.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
१४.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
१५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
१६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
१७.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
१८.	कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
१९.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
२०.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
२१.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
२२.	धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ स्थित कित्ता नं. २३५१ को क्षेत्रफल१-११-३-१ (रोपनी) को घरजग्गा ।
२३.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
२४.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
२५.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
२६.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
२७.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
२८.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
२९.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
३०.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
३१.	रौतहट जिल्ला, डुमरिया (म.) गा.वि.स. वडा नं. ९ क (हालचन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० (विगाह) को जग्गा ।
३२.	महात्तरी जिल्ला, खोपीगा.वि.स. वडा नं. १/क (हाल रामगोपालपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४१ को क्षेत्रफल ०-१०-१५.५-० (विगाह) को जग्गा ।
३३.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९ (हाल कुश्मा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २८८३ को क्षेत्रफल ०-२-२-० (रोपनी) को जग्गा ।
३४.	सुर्खेत जिल्ला, कटकुवागा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३११४ को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा ।
३५.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
३६.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
३७.	मकवानपुर जिल्ला, बासामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २७९४ को क्षेत्रफल १३५४.५२ (व.मि) को जग्गा ।
३८.	रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
३९.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
४०.	रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
४१.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
४२.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
४३.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
४४.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
४५.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
४६.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२०३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
४७.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८४ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
४८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
४९.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
५०.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
५१.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
५२.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा ।
५३.	भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स. वडा नं. ७/७ ग (हाल सूर्यविनायक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा ।
५४.	झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा ।
५५.	बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा ।
५६.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा ।
५७.	पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ ख (हाल बहुदरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१७ र ५१८ को क्षेत्रफल क्रमशः ०-१-७-० र ०-५-१७-० (विगाह) को घरजग्गा ।
५८.	रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४ को क्षेत्रफल १-१-०-० (विगाह) को जग्गा ।
५९.	सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा ।
६०.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
६१.	रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा ।
६२.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १२८८ र १२९० को क्षेत्रफल क्रमशः ७६१.६२ र १४९२.२८ (व.मि.) को जग्गा ।
६३.	तनहुँ जिल्ला, कलुर्ङ गा.वि.स. वडा नं. १ ज स्थित कित्ता नं. २१७ र ३५५ को क्षेत्रफलक्रमशः ०-३-०-० र ०-१०-०-० (रोपनी) को घर जग्गा ।
६४.	बारा जिल्ला, मैनी गा.वि.स. वडा नं. २ (हाल महागढीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ७५५ को क्षेत्रफल ०-३-२-८ (विगाह) को जग्गा ।
६५.	बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ७५ को क्षेत्रफल १-४-५-० (विगाह) को जग्गा ।
६६.	बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. २ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ३६५ को क्षेत्रफल ०-६-४-० (विगाह) को जग्गा ।
६७.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ६३ को क्षेत्रफल ०-१५-१५-० (विगाहा) को जग्गा ।
६८.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९७ को क्षेत्रफल ०-९-४-० (विगाहा) को जग्गा ।
६९.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घरजग्गा ।
७०.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १२५७३ को क्षेत्रफल १-१३-०-० (रोपनी) को घरजग्गा ।
७१.	रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १३९९ र १४०१ को क्षेत्रफल क्रमशः ०–०–६–९ र ०–०–६–५ (विगाहा) को घरजग्गा ।
७२.	महोत्तरी जिल्ला, पर्सादिवाड गा.वि.स. वडा नं. ३ (हालसम्सी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४६५ को क्षेत्रफल ०-३-१३.७५-० (विगाह) को जग्गा ।
७३.	कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
७४.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७०१४ र ७०१७ को क्षेत्रफल ०-०-४-० र ०-०-२.५-० (विगाहा)को घरजग्गा ।
७५.	झापा जिल्ला, भद्रपुर न.पा वडा नं. ८ स्थित कित्ता नं. ७६ र ७७ को क्षेत्रफल क्रमशः ३३८.६३ र ३३८.६३ (ब.मि)को जग्गा ।
७६.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७५२९ को क्षेत्रफल २७९.३८ (ब.मि.)को जग्गा ।
७७.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८घ स्थित कित्ता नं. १०३७ को क्षेत्रफल १-७-२-० (रोपनी)को जग्गा ।
७८.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १०५२ र १०५६ को क्षेत्रफल क्रमशः १-६-२-० र ०-७-२-० (रोपनी) को जग्गा ।
७९.	मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ८ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ८), स्थित कित्ता नं. २०४५० को क्षेत्रफल ०-०-१२-० (विगाह)को घर/जग्गा ।
८०.	महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०४/ख (हाल भंगाहा न.पा. वडा नं. ०७) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८१.	मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ (व.मि) को घरजग्गा ।
८२.	मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० (व.मि) को जग्गा ।
८३.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३०५२ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा ।
८४.	रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७५८, ७६२, १३९८ र १४०० को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४, ०-०-२-७ र ०-०-२-३ (विगाहा) को घरजग्गा ।
८५.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा ।
८६.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमशः ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा ।
८७.	रुपन्देही जिल्ला, हाटी वनगाई गा.वि.स. वडा नं. ८ क (हाल मायादेवी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ७१३ को क्षेत्रफल ०-९-९-० (विगाह) को जग्गा ।
८८.	बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ (हाल बढैयाताल गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मि) को जग्गा ।
८९.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमशः १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा ।
९०.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/ज स्थित कित्ता नं. १२२५ को क्षेत्रफल १-०-२-० (रोपनी) को घरजग्गा ।
९१.	सुनसरी जिल्ला, भरौला गा.वि.स. वडा नं. ३ झ स्थित कित्ता नं. १३० र १३१ को क्षेत्रफल क्रमशः ०-१-५-० र ०-०-१५-० (विगाह) को घरजग्गा ।
९२.	तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमशः ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा ।
९३.	मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं. २५४ को क्षेत्रफल ११२५ (व.मि) को जग्गा ।
९४.	सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. २१५१, २१४९ र १४८३ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-४-० र ०-०-१५-० (विगाह) को जग्गा ।
९५.	सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. १४७९ को क्षेत्रफल ०-१-१-० (विगाहा)को घरजग्गा ।
९६.	सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ५ क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. १००१ र १००३ को क्षेत्रफल क्रमश : ०-३-०-० र ०-१-०-० (विगाहा) को जग्गा ।
९७.	चितवन जिल्ला, नारायणगढ गा.वि.स. वडा नं. ३ (हाल भरतपुर म.न.पा. वडा नं. १) स्थित कित्ता नं. ११५ को क्षेत्रफल १२९.५५ (वर्ग मिटर) को घरजग्गा ।
९८.	महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
९९.	चितवन जिल्ला, गितानगर गा.बि.स/न.पा वडा नं. ३ क (हाल भरतपुर म.न.पा. वडा नं. १३), स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-३-४.२५-० (विगाह) को जग्गा ।
१००.	काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित कित्ता नं. २६ को क्षेत्रफल ९६.४० (व.मि) को घरजग्गा ।
१०१.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ (व.मि) को जग्गा ।
१०२.	रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (ब.मि) को जग्गा ।
१०३.	नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं. ६ क (हाल कावासोती न.पा. वडा नं. ९) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा ।
१०४.	पर्सा जिल्ला, बहुअरी बी गा.वि.स. वडा नं. २ (हाल वीरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-४-९ (विगाह) को घर/जग्गा ।
१०५.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (ब.मि) को घरजग्गा ।
१०६.	धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १ख स्थित कित्ता नं. ५२०१, ६७८९ र ६७८४ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४ र ०-०-३-० (विगाह) को जग्गा ।
१०७.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा ।
१०८.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-० , ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
१०९.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको र/जग्गाको स्थान पहिचानको लागि Google Map



लिग चरणबाट बाहिरियो कर्णाली

रमेश सुवेदी / नयाँ पत्रिका

कर्णाली याक्स दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को लिग चरणबाटै बाहिरिने पहिलो फ्रेन्चाइज टोली बनेको छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा मंगलबार पोखरा एभेन्जर्सबाट ३४ रनले पराजित भएपछि कर्णाली लिग चरणबाटै बाहिरिएको हो। जितसँगै पोखराको प्लेअफमा पुग्ने सम्भावना जीवितै रहेको छ। कर्णालीले आफ्नो अन्तिम खेलमा २ अंक जोडे पनि शीर्ष स्थान भेट्टाउन सक्दैन। लिगमा पोखरा र चितवन राइनोजले समान चार अंक बनाएका छन्। उनीहरू एक आपसमा खेल्न बाँकी छ।

पोखरा र चितवनमध्ये एक टोलीको ६ अंक हुनेछ। अन्तिम खेलमा जित निकाले पनि कर्णाली बाहिरिनेछ। सुदूरपश्चिम रोयल्स १० अंकका साथ प्लेअफमा पुग्ने पहिलो टोली बनेको थियो। दोस्रो स्थानको काठमाडौं गोर्खाज र तेस्रो स्थानमा रहेको विराटनगर किंग्सले समान आठ अंक बनाएका छन्। यी दुवै टोली प्लेअफनजिक छन्। कर्णालीले ६ खेल खेल्दा २ अंक मात्र जोडेको छ। कर्णालीले पाँच खेलमा हार र एक खेलमा जित निकालेको छ।

पोखराले पाँच खेलमा दोस्रो जित निकाल्दै ४ अंक बनाएको छ। पोखराले बाँकी दुई खेलमा जित निकाले प्लेअफ पुग्ने सम्भावना रहनेछ। पहिलो ब्याटिङ गरेको पोखराले २० ओभरमा दुई विकेट गुमाएर २०१ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा कर्णालीले १९ ओभरमा सबै विकेट गुमाएर १६७ रन मात्र जोड्दा पोखराले ३४ रनको बाजी मार्‍यो।



कर्णालीविरुद्ध शतक खेलेपछि पोखराका एडम रोसिंटन

रोसिंटनको शतकीय इनिङ्स

पोखराको जितमा एडम रोसिंटनले शतकीय इनिङ्स खेलेका थिए। चालू एनपिएलमा यो दोस्रो शतक हो। यसअघि कर्णालीका मार्क म्याटले लुम्बिनी लायन्सविरुद्ध ११४ रनको शतकीय इनिङ्स खेलेका थिए। समग्रमा एनपिएलको इतिहासमा तेस्रो शतकका रूपमा रोसिंटनले प्रहार गरेका हुन्। कर्णालीविरुद्ध नटआउट रहेका उनले ५८ बलमा ११ चौका र सात छक्का प्रहार गरी १०८ रन बनाएका थिए। इंग्ल्यान्डका पूर्व खेलाडी ज्यासन रोयले रोसिंटनलाई दोस्रो विकेटका लागि शतकीय साझेदारीको साथ दिएका थिए। इनिङ्सको ४.५ ओभरमा कप्तान कुशल भुर्तेलले आफ्नो विकेट गुमाउँदा पोखरा ३४ रनमा थियो। दुवैले दोस्रो विकेटका लागि १२७ रनको साझेदारी गर्दै पोखरालाई बलियो स्थितिमा राखे। इंग्ल्यान्डका ब्याट्सम्यान रोयको यो पहिलो एनपिएल हो।

पर्याप्त प्रकाश नभएको गुनासो

पोखराको पहिलो ब्याटिङ क्रममा १७औं ओभरमा फ्लडलाइटमा केही समस्या आएको थियो। क्रिजमा रहेका रोसिंटन र रोयले श्रीलंकाका म्याच अम्पायर लियोन्ड हनिबाल र प्रगिथ राम्बुकवेलाले फलडलाइटमा पर्याप्त प्रकाश नभएको गुनासो गरेका थिए। अम्पायरद्वयले लाइट मिटर प्रयोग मैदानमा प्रकाश पर्याप्त रहेको जनाए। त्यसपछि खेल सुचारु भएको थियो। यसअघि केही समय खेल रोकिनुपर्ने अवस्था सृजना भएको थियो। प्रकाश पर्याप्त भए पनि मैदानमा भिजिबिलिटी कम रहेको थियो।

अम्पायरले खेल्न निर्देशन दिएकै ओभरमा रोय क्याचआउट भएका थिए। उनले ३४ बलमा तीन छक्का र दुई चौका प्रहार गरी ४६ रनको योगदान दिएका थिए। १६.४ ओभरमा नन्दन यादवले फयाकेको बलमा रोय पाञ्चालबाट क्याचआउट भएका थिए। मैदान छाड्ने क्रममा रोयले रिजर्भ अम्पायर सञ्जय सिंदेलसँग कमजोर व्यवस्थापनप्रतिको टिप्पणी गरेका थिए। कर्णालीले लक्ष्य पछ्याएको इनिङ्समा ओपनर मार्क वाटले ५९ रनको अर्धशतकीय इनिङ्सको योगदान दिए। ९.५ ओभरमा किरण ठगुनाले आउट गर्नुअघि वाटले ३४ बलमा ५ छक्का र चार चौका प्रहार गरेका थिए। उनी क्रिजमा रहँदासम्म कर्णालीले जितको आशा गरेको थियो। धनञ्जय र रिषी धवनले समान तीन विकेट लिएपछि कर्णाली लक्ष्यसम्म पुग्न सकेन। यससँगै कर्णालीको प्लेअफमा पुग्ने सबै आशा समाप्त भयो।

जनकपुरले लगातार चार हारको शृंखला तोड्यो

साबिक विजेता जनकपुर बोल्ट्सले लगातार चार हारको शृंखला तोडेको छ। प्रतियोगिताअन्तर्गत २०औं खेलमा जनकपुरले चितवन राइनोजमाथि ६ विकेटको सानदार जित निकालेको हो। पहिलो ब्याटिङ गरेको चितवनले २० ओभरमा चार विकेट गुमाएर १ सय ७६ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा जनकपुरले १७.३ ओभरमा चार विकेटको नोक्सानीमा १ सय ८० रन जोड्दै एनपिएलमा पहिलो जित दर्ता गरेको हो।

जितले लिग चरणबाट बाहिरिने संघारमा रहेको जनकपुरलाई राहत मिल्यो। जनकपुरले शीर्ष चारमा रहँदै उपाधि रक्षा गर्ने योजना सफल पार्न बाँकी दुवै खेल जिते पनि सहज छैन। जनकपुर प्लेअफमा पुग्न चितवन र लुम्बिनीले आ-आफ्ना बाँकी सबै खेल हार्नु पर्छ। पाँचमध्ये तीन खेलमा हारको सामना गरेको चितवनलेको प्लेअफ यात्रा कठिन बनेको छ। प्लेअफमा पुग्न चितवनले बाँकी दुई खेल जित्नै पर्नेहुन्छ। जनकपुरको जितमा पाकिस्तानका माज सदाकत र अनिल शाहले अर्धशतकीय योगदान दिएका थिए।

माजले ३० बलमा ६ चौका र चार छक्का प्रहार गरी ६३ रन जोडेका थिए। अनिलले ३६ बलमा तीन छक्का र चार चौका प्रहार गर्दै ६१ रन बनाए। माज र अनिलले दोस्रो विकेटका लागि ७९ रनको साझेदारी गर्दै जनकपुरको जित सम्भव पारे। जनकपुरको जितमा आदित्य महताले सात बलमा दुई चौका र एक छक्का प्रहार गरी १८ रन तथा जान निकोलले नौ बलमा ११ रन बनाएका थिए।

यसअघि चितवनको ओपनिङ उत्कृष्ट रह्यो। डेभिड मालान र अर्जुन साउदले पहिलो विकेटका लागि १ सय १२ रनको साझेदारी गरेका थिए। मालानले ५४ बलमा पाँच छक्का र चार चौका प्रहार गरी ८० रन बनाए भने अर्जुनले ३९ बलमा चार चौका र तीन छक्काको सहयोगमा ५२ रन बटुले। कुशल मल्लले १४ बलमा समान दुई चौका र छक्का हिर्काए ३० रन जोडेका थिए।

प्लेयर्स टु वाच

बसिर अहमाद (विराटनगर)



विराटनगर किंग्सले प्लेअफ आशा बलियो बनाउन बसिरले अघिल्लो खेलमा उत्कृष्ट प्रदर्शन गरेका थिए। कर्णाली याक्ससँग लगभग गुमाइसकेको खेलमा उनले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरी विराटनगरलाई असम्भव जित दिलाएका थिए। उनले कर्णालीविरुद्ध ६२ रनको नटआउट इनिङ्स खेलेका थिए। चालू एनपिएलमा चितवन राइनोजबाहेक अन्य खेलमा उनको ब्याटिङ चलिरहेको छ। उनी चितवनसँग डकआउट भएका थिए। जनकपुरविरुद्ध ३६ रन तथा पोखरा एभेन्जर्ससँग उनले २३ रनको योगदान दिएका थिए। ब्याटिङसँगै स्पिन बलिङ गर्न सक्ने क्षमता भएका बसिरले लुम्बिनी लायन्सविरुद्ध आफ्नो फर्मलाई निरन्तरता दिनेछन्।

रोहित पौडेल (लुम्बिनी)



विराटनगरसँगको महत्त्वपूर्ण खेलमा लुम्बिनीले त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रतिस्पर्धा गरिरहँदा कप्तान रोहितबाट उत्कृष्ट ब्याटिङ अपेक्षा राखेको छ। चालू एनपिएलमा लुम्बिनीबाट व्यक्तिगत सर्वाधिक रन बनाउने सूचीमा उनी अगाडि छन्। रोहितले पाँच खेलमा पाँचै इनिङ्स ब्याटिङ गरी १ सय ७४ रन जोडेका छन्। उनले १ सय ७५ बलमा ११ चौका र चार छक्का प्रहार गरे। उनी एकपटक ४९ रनमा रोकिएका थिए। लुम्बिनीको मध्यक्रम सम्हालिरहेका उनले साझेदारीमा समेत राम्रो योगदान दिइरहेका छन्। विराटनगरको स्पिन बलिङ आक्रमणविरुद्ध रोहितले डटेर सामना गर्नेछन्।

फाफ डु प्लेसिस (विराटनगर)



दोस्रो एनपिएलमा विदेशी खेलाडीमध्ये सर्वाधिक चर्चित नाम डु प्लेसिस हो। दक्षिण अफ्रिकाका पूर्वकप्तानसमेत रही सकेका डु प्लेसिस इन्डियन प्रिमियर लिगको विजेतासमेत हुन्। उनको यो पहिलो एनपिएल हो। दुबईमा फ्रेन्चाइज लिगमा सहभागी भएर उनी सीधै एनपिएल खेल्न आएका हुन्। टी-२० फर्म्याटमा उनी आक्रामक रूपमा ब्याटिङ गर्छन्। दक्षिण अफ्रिकाबाट ५० टी-२० आईमा उनले एक शतक तथा १० अर्धशतकीय इनिङ्स खेलेका छन्। उनीसँग टेस्टमा १० तथा एकदिवसीय खेलमा १२ शतकको रेकर्ड छ। नेपाली दर्शकअगाडि एनपिएल खेल्न उनी निकै उत्साहित छन्।


रुवेन ट्रम्पलम्यान (लुम्बिनी)



लुम्बिनीका फास्ट बलर रुवेन आशा गरेका खेलाडीमा पर्छन्। उत्कृष्ट फर्ममा रहँदा उनको बलमा सहजै विपक्षी ब्याट्सम्यान बिट हुने गर्छन्। चालू एनपिएलमा उनले धारिलो बलिङ गर्न सकिरहेका छैनन्। तर, विराटनगरविरुद्धको खेलमा उनले आफू जिम्मेवारीपूर्वक प्रतिस्पर्धा गर्ने बताएका छन्। चालू एनपिएलमा उनले अहिलेसम्म ६ विकेट लिएका छन्। लुम्बिनी र कर्णालीसँगको खेलमा उनी विकेटविहीन भएका थिए। ब्याटिङमा उनले कर्णालीसँगै खेलमा २९ रन जोडेका थिए। बायाँहाते फास्ट बलरले विराटनगरका दायाँहाते ब्याट्सम्यानलाई समस्यामा राख्न सक्छन्।

आजको खेल

विराटनगर किंग्स — दिउँसो ४:०० बजे — लुम्बिनी लायन्स



खेलपछिका भनाइ

जनकपुरको प्लेअफमा पुग्ने आशा जीवितै छ

अनिल साह, ब्याट्सम्यान, जनकपुर



यो जितले जनकपुरको गणितीय हिसाबले भए पनि प्लेअफको आशा बढेको छ। हामीसँग अझै दुई खेल बाँकी छन्। ती खेल जितेर प्लेअफमा पुग्ने सम्भावनालाई कायमै राख्छौं। लगातारको हारले टोलीको मनोबल खस्किएको भए पनि चितवनमाथिको जितले आगामी खेलमा सहज हुनेछ। पछिल्ला खेलहरूमा रन ननिस्किँदा त्यही दबाब महसुस गरेको थिएँ। टिम ब्याक गर्दा रन पनि निस्किनु मेरा लागि खुसीको क्षण हो।

जितका निम्ति पर्याप्त लक्ष्य थियो

डेभिड मलान, खेलाडी, चितवन



हामीले स्कोर बोर्डमा राखेको स्कोर जितका लागि पर्याप्त थियो। तर, दोस्रो इनिङ्समा बलिङ राम्रो भएन। यसैकारण, हामी पराजित भयौं। ओपनिङ साझेदारी परिवर्तन गर्ने निर्णय सही थियो। विदेशी खेलाडीबाट सबैले आशा गरेका थिए। अबका दुई खेल जिते टोली प्लेअफ पुग्ने सम्भावना छ। हामीले थप मिहिनेत गर्नुपर्छ। आउने दुई खेल हाम्रा लागि महत्त्वपूर्ण रहनेछ।

आजको तस्बिर



खुसीको पल

चितवन राइनोज र जनकपुर बोल्ट्सबिचको खेलमा समर्थन गर्दै।

तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

म्याच प्रिभ्यु

प्लेअफमा पुग्न विराटनगरलाई एक जित आवश्यक

गत वर्षको नतिजा

लुम्बिनी लायन्स १९१/७
विराटनगर किंग्स १९३/८
विराटनगर दुई विकेटले विजयी

दोस्रो एनपिएलको प्लेअफ स्थान पक्का गर्न विराटनगर किंग्सलाई एक जित आवश्यक रहेको छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा विराटनगरले बुधबार लुम्बिनी लायन्सको सामना गर्दै छ। विराटनगर विजयी हुँदा १० अंकका साथ प्लेअफमा पुग्नेछ। विराटनगरसँग पराजित हुँदा लुम्बिनी गणितीय आधारमा मात्र प्लेअफमा पुग्ने सम्भावना रहनेछ। तर, विराटनगरलाई हराउँदा लुम्बिनीको शीर्ष चारको सम्भावना बलियो हुनेछ। यस्तो अवस्थामा विराटनगरले अर्को खेलको नतिजा कुर्नुपर्नेछ।

प्लेअफमा पुग्ने र सम्भावना बलियो राख्ने समीकरण बनेको प्रतिस्पर्धामा विराटनगर र लुम्बिनी हार्न चाहँदैनन्। लगातार तीन खेलमा जित निकालेको विराटनगर उत्कृष्ट लयमा छ। लगातार तीन हारपछि लुम्बिनीले पछिल्लो खेलमा पोखरा एभेन्जर्सलाई हराएको थियो। यसै जितले लुम्बिनीको पनि शीर्ष चारमा रहने सम्भावना जीवितै बनेको हो। विराटनगरको सबैभन्दा बलियो पक्ष नै ब्याटिङ हो।

दक्षिण अफ्रिकाबाट अन्तर्राष्ट्रिय खेलका अनुभवी खेलाडी फाफ डु प्लेसिसको आगमनमा विराटनगर हौसिएको छ। उनी आएसँगै विराटनगरको मध्यक्रम थप बलियो देखिएको छ। विश्व क्रिकेटमै फरक नाम कमाएका डु प्लेसिसले आफ्नो पहिलो एनपिएलमा प्रभाव छाड्ने बताएका छन्।

लुम्बिनीको ब्याटिङ भने औसत छ। चालू एनपिएलमा उसका कुनै पनि खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका छैनन्। ब्याटिङमा कप्तान रोहित पौडेल मात्र चलेका छन्। उनले औसत ३० रनमाथि ब्याटिङ गरिरहेका छन्। लुम्बिनीबाट सर्वाधिक रन बनाउने खेलाडीमा उनी अगाडि छन्। यद्यपि, लुम्बिनीमा सन्दीप जोरा, सेर मल्ल तथा डार्ची सर्टजस्ता आक्रामक ब्याट्सम्यान भए पनि सोचेजस्तो योगदान दिन नसक्दा मध्यक्रम कमजोर देखिएको हो।

बलिङमा विराटनगरसँग लेग स्पिनर तथा कप्तान सन्दीप लामिछानेले राम्रो प्रदर्शन गरिरहेका छन्। उनी एनपिएलकै दोस्रो सर्वाधिक विकेट लिने बलर हुन्। डी लागे, प्रतिश जिसी र सुभम राज्जनेले सुरुदेखि नै विकेट लिने क्षमता राख्दा लुम्बिनीका ब्याट्सम्यान उनीहरूविरुद्ध सजक भएर खेल्नु पर्ने अवस्था छ। पहिलो सिजनमा विराटनगरले कीर्तिमानी लक्ष्य पछ्याउँदा लोकेश बम तथा बसिर अहमादले उत्कृष्ट ब्याटिङ गरेका थिए।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	५	५	०	१०	१.२९
काठमाडौं	६	४	२	८	०.५१
विराटनगर	५	४	१	८	०.४२
पोखरा	५	२	३	४	-०.१५
चितवन	५	२	३	४	-०.३३
लुम्बिनी	५	२	३	४	-०.८८
कर्णाली (इ)	६	१	५	२	-०.४३
जनकपुर	५	१	४	२	-०.४९



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com